जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक ४ • २०८३ साल जेठ १० गते आइतबार (24 May, Sunday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-


## मन्त्रिमण्डल विस्तारमा एमाले बाधक

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशको मन्त्रिमण्डल शनिवार विस्तार हुन सकेन् ।शुक्रवार विश्वासको मत प्राप्त गरेका मुख्यमन्त्री कृष्ण प्रसाद यादवले त्यही दिन मन्त्रिमण्डल विस्तार गर्ने सोंचमा थिए ।

तर नेकपा एमालेले मन्त्रीको सूची नदिएका कारण शनिवार पनि विस्तार रोकिएको छ ।विश्वासको मत लिनु अगाडि मुख्यमन्त्री यादवले सत्ता साझेदार परिवर्तन गर्दै मधेश केन्द्रित दलहरुलाई गठबन्धनबाट हटाएर एमालेलाई भित्र्याइएका छन् ।

गठबन्धन दलहरुबीच भएको सहमति अनुसार एमालेले भौतिक पूर्वाधार विकास मन्त्रालय, शिक्षा तथा संस्कृति मन्त्रालय र श्रम तथा यातायात मन्त्रालय पाएको छ ।नेपाली कम्युनिष्ट पार्टी(नेकपा)ले थपमा अर्थ मन्त्रालय पाएको छ ।नेकपा पहिले देखि नै सरकारमा रहेकाले पुराना मन्त्रालयहरुको अतिरिक्त अर्थ मन्त्रालय पाएको छ ।

एमालेका अध्यक्ष समेत रहेका केपी शर्मा ओलीले मन्त्रीको नाम टुंगो नलगाएका कारण मन्त्रिमण्डल विस्तार रोकिएको स्रोतले जनाएको छ ।

एमाले संसदीय दलका नेता समेत रहेका पूर्व मुख्यमन्त्री सरोज यादवले सरकारमा एमालेको सहभागिता देखाउन मो. शमिमलाई मन्त्री बनाएका छन् ।तर उनले पनि विभाग पाएको छैन् ।

एमाले केन्द्रीय सचिवालयको बैठक काठमाण्डुमा चलिरहेको छ ।त्यहाँ अध्यक्ष ओलीको राजीनामा माग गरिएको छ ।सचिवालय बैठकमा अध्यक्ष ओली अल्पमतमा परेका छन् ।उनका अत्यन्त विश्वास पात्र मानिएका विष्णु पौडेल र महासचिव शंकर पोखरेलले पनि साथ छाडेका छन् ।

मधेश प्रदेशमा दलका नेता यादव र उप महासचिव रघुवीर महासेठबीच मन्त्रीको विषयमा तानातान रहेको बताइन्छ ।प्रदेशमा विवाद देखिएपछि अध्यक्ष ओलीले निर्णय आफैले गर्ने भन्दै मन्त्रीको नाम नपठाउन यादवलाई निर्देशन दिएको स्रोतले जनाएका छन् ।

एमालेको भागमा जनता समाजवादी पार्टी( जसपा)नेपालको कोटामा रहेका तीनवटै मन्त्रालय परेको छ ।जनमत कोटाको अर्थ मन्त्रालय नेकपालाई दिए पनि खेलकुद तथा समाजकल्याण मन्त्रालयको विषयमा टुंगो नलागेको स्रोतले जनाएको छ ।

### रास्वपा बारामा हात हालाहाल

## सांसदहरु प्रहरीको रेस्क्युमा, बाउणसर राखेको आरोप

**टुडे समाचारदाता**

कलैया । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को बाराबाट निर्वाचित चारै जना सांसदलाई शनिवार प्रहरीले रेस्क्युगरी सुरक्षित स्थलमा राख्नु परेको थियो ।

पूर्व निर्धारित बारा जिल्ला स्तरीय विस्तारित बैठकलाई बर्खास्त जिल्ला सभापति चन्दन स्वर्णकार समूले बिथोल्ने प्रयास गरेपछि दुई पक्षबीच कार्यक्रम स्थलमा नै हात हालाहाल भएको थियो ।

कार्यक्रम स्थलमा भएको झडपको क्रममा स्वर्णकार पक्षधर तीन जना घाइते भएका छन् ।घाइते हुनेहरुमा बारा जिल्लाको महानगर गढीमाई नगरपालिकाका नगर सभापति विक्रम यादव, सिम्रौनगढ नगरपालिकाका नगर सभापति साहेब अन्सारी लगायत रहेका छन् ।उनीहरुको कलैयास्थित अस्पतालमा उपचार भइरहेको छ ।

घाइते यादवले सांसद अरविन्द साहले आफ्नो हात समातेर गुण्डाहरुबाट कुटपिट गर्न लगाएको आरोप लगाएका छन् ।' हामीमाथि नियोजित रुपमा आक्रमण गराएर एकतर्फी निर्णय गर्न खोजिएको थियो' उनले भने, बाहिरबाट गुण्डाहरु बैठक स्थलमा ल्याइएको थियो ।

जिल्ला सभापति स्वर्णकारलाई पार्टीले साधारण सदस्य समेत नरहने गरी निष्कासन गरेपछि आक्रोशित बनेका स्वर्णकार पक्षधरले कार्यक्रमस्थलमा नाराबाजी गरेका थिए ।कलैया स्थित एउटा होटेलमा आयोजित विस्तारित बैठक भित्र प्रवेश गरेका स्वर्णकार समूहले सांसद लगायत नेताहरु विरुद्ध चर्का नाराबाजी गरेका थिए ।



सांसद चन्दन सिंहमाथि हातपातको प्रयास भएपछि प्रहरीले सांसदहरुलाई रेस्क्युगरी सुरक्षित स्थलमा लगेको थियो । सांसद गणेश धिमालले स्वर्णकार समर्थक कार्यकर्ताले कार्यक्रम बिथोल्ने प्रयास गरे पनि पार्टीको निर्धारित कार्यक्रम सम्पन्न गर्न बाधा नपुगेको बताए ।

'स्वर्णकार समूहले कार्यक्रममा अवरोध गर्ने जानकारी हामीले बिहानै पाइसकेका थियौं' उनले भने, त्यसकारण कार्यक्रम स्थलमा सुरक्षाको व्यवस्था कडा बनाइएको थियो ।

कार्यक्रम स्थलमा प्रहरीको बाक्लो उपस्थिति रहेको थियो ।कार्यक्रममा होहल्ला भएपछि प्रहरीको संख्या झन बढाइएको थियो ।

स्वर्णकारलाई पार्टीले निष्कासन गर्न नहुने माग राख्दै उनका समर्थकले बाराका सांसदहरूविरुद्ध नाराबाजी गरेका छन् । कार्यक्रमस्थलमा सांसदहरू रहबर अन्सारी, गणेश धिमाल, अरविन्द साह र चन्दन सिंहमाथि हातपातको प्रयास समेत गरिएपछि प्रहरीले सांसदहरूलाई कार्यक्रम स्थलबाट बाहिर निकालेको थियो ।

कलैया स्थित होटेल करनराजमा कार्यक्रम सम्पन्न नहुञ्जेलसम्म भारी संख्यामा प्रहरी परिचालन गरिएको थियो ।

कार्यक्रममा जिल्लाका चारैजना सांसदको उपस्थिति रहेको थियो ।कार्यक्रममा अवरोध गर्न स्वर्णकार समूह तयारी गरेको जानकारी पाएका सांसदहरुले पनि तयारी पूरा गरेको बताइएको छ ।कार्यक्रम स्थलमा हात हालाहालको स्थिति हुँदा सांसदहरुले बाउण्सर प्रयोगगरी सांघातिक आक्रमण गराएको आरोप स्वर्णकार समूहले लगाएका छन् ।

निष्कासनमा परेका स्वर्णकारले बारा जिल्लाका सांसदहरूले आफू निकट व्यक्तिहरुलाई मात्रै समेटेर जिल्ला समिति बनाउने प्रयास गरेपछि पार्टीका पुराना कार्यकर्ताले विरोध जनाएको बताएका छन् ।' सांसदहरुले एकलौटी गर्न थालेपछि पार्टीका पुराना नेता, कार्यकर्ताहरुले विरोध गरेका थिए' उनले भने, लोकतान्त्रिक विधिबाट नभइ पार्टी हुकुमी शैलीबाट चलेको छ ।

आक्रोशित बनेका असन्तुष्ट कार्यकर्ताहरुले सांसदहरु कुटपिट गराएर निर्णय गराउन गरेको प्रयास विफल भएको आरोप लगाएका छन् ।सांसदहरुले आफ्नो आचरण सुधार नगरे जिल्लामा अप्ठ्यारो हुने चेतावनी उनीहरुले दिएका छन् ।

यसैबीच धनुषा जिल्लाको धनुषाधाम नगरपालिकामा भएको विस्तारित बैठकमा पनि कार्यकर्ताहरुबीच घम्साघम्सी भएको थियो ।घम्साघम्सीसँगै कार्यकर्ताहरुबीच हात हालाहालको स्थिति सिजना भएको थियो ।

दुई गुटमा विभाजित कार्यकर्ताहरुले नेतृत्व चयनको विषयमा आपसमै भीडेका थिए ।केही कार्यकर्ताहरुको पहलमा स्थिति सामान्य भएको थियो ।

रास्वपाले देशैभरि संगठनको तल्लो तहदेखि नै नेतृत्व चयनको प्रक्रिया प्रारम्भ गरेको छ ।अधिकांश वडाहरुमा सामान्य रुपमा भेला र नेतृत्व चयन भएको बताइएको छ ।तर केही स्थानमा झडप र विवादको कारण बैठक अवरुद्ध भएको छ ।

पार्टीले राष्ट्रिय महाधिवेशन गर्ने क्रममा सबै निकायमा नेतृत्व चयन गर्न प्रक्रिया अगाडि बढाउन केन्द्रीय प्रतिनिधि पठाएको छ ।

## सीमा सुरक्षा बैठकमा तस्करी र लागूऔषधबारे छलफल

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल-भारतको सीमावर्ती क्षेत्रमा बढ्दो तस्करी, लागूऔषध कारोबार र सीमा अपराध नियन्त्रणबारे दुवै देशका सुरक्षा तथा प्रशासनिक अधिकारीबीच छलफल भएको छ ।

भारतको सीतामढीमा शनिबार भएको नेपाल-भारत सीमा सुरक्षा तथा समन्वय सम्बन्धी भएको बैठकमा तस्कर, लागूऔषध र डुबान बारे छलफल भएको छ ।

यस बैठकमा भारततर्फ हुने मदिरा तस्करी नियन्त्रण र नेपालतर्फ हुने लागूऔषध ओसार पसार रोकथामका विषयमा गम्भीर छलफल भएको जनाइएको छ । यस बैठकमा सीमा क्षेत्रमा हुने आपराधिक गतिविधि नियन्त्रण, सुरक्षा निकायबीच सूचना आदान-प्रदानलाई प्रभावकारी बनाउने तथा संयुक्त समन्वय र सहकार्यलाई थप सुदृढ गर्ने विषयमा दुबै पक्षबीच सहमति बनेको बताइएको छ ।

मधेशमा वर्षेनि हुने गरेको डुबान समस्याबारे पनि छलफल भएको छ । भारतीय पक्षले सीमाक्षेत्र मिचेर निर्माण गरिरहेको बाँधका कारण गौरसहित करिब एक दर्जन




सीमावर्ती गाउँ डुबानको उच्च जोखिममा परेको भन्दै नेपाली पक्षले तत्काल समाधानको माग गरेको सो बैठकमा सहभागी भएका रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेश भुसालले जानकारी दिए ।

नेपाल-भारत सीमामा वर्षौंअघि निर्माण गरिएको बाँधमा रहेको स्लुइस गेट बन्द गरी पछिल्लो समय तटबन्ध विस्तार गर्ने क्रममा पानी निकासको संरचनासमेत पुरिएको भन्दै नेपाली अधिकारीहरूले चिन्ता व्यक्त गरेका छन् । पानी निकास अवरुद्ध हुँदा सीमावर्ती नेपाली भू-भाग तालजस्तै बन्ने खतरा बढेको उल्लेख गर्दै तत्काल स्लुइस गेट सञ्चालनमा ल्याउन आग्रह गरिएको एक अधिकारीले बताएका छन् ।

नेपाल-भारत सीमावर्ती क्षेत्रका सुरक्षा तथा प्रशासनिक अधिकारी बीचमा भएको छलफलको अगुवाइ नेपालको तर्फबाट महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवको नेतृत्वमा प्रतिनिधिमण्डल सहभागी भएका थिए भने भारतीय उच्च सुरक्षा अधिकारीहरूको पनि सहभागिता रहेको थियो ।







# लहानका विद्यालय आइतबार पनि सञ्चालन हुने

**टुडे समाचारदाता**

सिरहा । सिरहाको लहान नगरपालिकामा पनि आइतबार विद्यालय सञ्चालन हुने भएको छ । केन्द्र सरकारले विद्यालयमा शनिबार र आइतबार बिदा दिने निर्णय गरेपनि नगरपालिकाले आइतबार सञ्चालन गर्ने निर्णय गरेको छ ।




नगरप्रमुख महेश प्रसाद चौधरीले शुक्रबार जारी गरेको सूचनाअनुसार नगर कार्यपालिकाको निर्णय बमोजिम पालिकाभित्र रहेका सम्पूर्ण सामुदायिक, धार्मिक तथा संस्थागत विद्यालयहरू अब आइतबारदेखि शुक्रबारसम्म नियमित रूपमा सञ्चालन हुनेछन् । विद्यालय सञ्चालनको समय भने साविककै रहने जनाइएको छ । शिक्षा तथा खेलकुद मन्त्रालयले इन्धन खपत नियन्त्रण, प्रशासनिक खर्च व्यवस्थापन तथा सरकारी प्रणालीलाई व्यवस्थित बनाउने उद्देश्यसहित संघीय सरकारले दुई दिने साप्ताहिक बिदाको व्यवस्था गरेको थियो । नगरपालिकाको निर्णयलाई अभिभावक तथा शिक्षा सरोकारवालाले शैक्षिक गुणस्तर सुधारसंग जोडेर समर्थन गरेको छ ।

# आमाको नामबाट नागरिकता

जलेश्वर । विगत चार महिनामा २०९ जनाले आमाको नामबाट नागरिकता प्राप्त गरेका छन् ।

गत २०८२ पुस ११ गतेको मन्त्रिपरिषद्को बैठकले निर्णय गर्दै बाबुको पहिचान नखुलेका सन्तानलाई आमाको नामबाट नागरिकता दिने व्यवस्था गरेको थियो भने पुस २१ गते नेपाल राजपत्रमा सूचना प्रकाशित भएलगत्तै सबै जिल्ला प्रशासन कार्यालयहरुमा परिपत्र गरी यो व्यवस्था कार्यान्वयनमा ल्याइएको थियो ।

सोही क्रममा सबै आवश्यक कागजी प्रक्रिया पूरा गरेर २०८२ माघ ६ गतेदेखि जिल्ला प्रशासन कार्यालयबाट आमाको नामबाट नागरिकता वितरण सुरु गरिएको प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले बताउनुभयो । यसअनुसार नेपाली नागरिक आमाबाट नेपालमै जन्मिएका र बाबुको पहिचान हुन नसकेका व्यक्तिहरुले आवश्यक स्वघोषणा र प्रक्रिया पूरा गरेर वंशजका आधारमा नागरिकता प्राप्त गर्न थालेका हुन् ।

त्यसै क्रममा जिल्ला प्रशासन कार्यालयबाट गत २०८२ माघ महिनाको ६ गतेदेखि २०८३ जेठ ९ गतेसम्म जम्मा २०९ जनाले आमाको नामबाट वंशज नागरिकता प्राप्त गरेको प्रमुख जिल्ला अधिकारी यादवले बताउनुभयो । रासस

# ‘प्रेस स्वतन्त्रताको मुख्य योद्धा पत्रकार’

महोत्तरी । मधेश प्रदेशसभाका सभामुख रामअशिष यादवले स्वतन्त्रताका पक्षमा निरन्तर वकालत गर्ने पत्रकारहरूले आफ्ना अधिकारका पक्षमा सङ्घर्ष गर्नुपर्ने बताउनुभएको छ । जलेश्वरमा शनिबार नेपाल पत्रकार महासङ्घ महोत्तरी शाखाको १२औँ साधारणसभाको आज उद्घाटन गर्दै उहाँले लोकतन्त्रप्रति हुने आक्रमणको पत्रकारले पहिलो पङ्क्तिमा उभिएर खबरदारी गर्नुपर्नेमा जोड दिनुभयो ।



पत्रकारिता क्षेत्र हुँदै राजनीतिमा होमिनुभएका यादवले लोकतान्त्रिक गणतन्त्रको रक्षाका लागि अझै मुखरित भएर पत्रकार बढ्नुपर्ने औँल्याउनुभयो ।

सङ्घीय सरकारले संविधान संशोधनका लागि कार्यदल गठन गरेको प्रसङ्गमा शासकीय स्वरूपदेखि प्रदेश सिमाङ्कनसम्मका विषयमा घनीभूत छलफल हुनुपर्ने उहाँको भनाइ छ ।

नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य राजकरण महतोले पत्रकार आचारसंहिताको पूर्ण परिपालना गर्न सबै सदस्यलाई आग्रह गर्नुभयो । नेपाल पत्रकार महासङ्घ महोत्तरी शाखाका पूर्वअध्यक्ष तथा मटिहानी नगरप्रमुख हरिप्रसाद मण्डलले पत्रकारको हकहितका पक्षमा सधैँ उभिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

यस अवसरमा महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवसहित विभिन्न सामाजिक सङ्घसंस्थाका प्रतिनिधिले महासङ्घको १२औं साधारणसभाको सफलताको शुभकामना व्यक्त गर्नुभयो । रासस

# एक हजार ९२२ जना सवारी चालक कारबाहीमा

काठमाण्डु । ट्राफिक प्रहरीले पछिल्लो चौबिस घण्टामा काठमाण्डु उपत्यकाका विभिन्न स्थानहरूमा सञ्चालन गरेको जाँचका क्रममा एक हजार ९२२ जना सवारी चालकलाई कारबाही गरेको छ । उक्त कारबाहीबाट रु १९ लाख ७० हजार दुई राजस्व सङ्कलन गरिएको छ ।



जाँचका क्रममा मादक पदार्थ (मापसे) सेवन गरी सवारी धन चलाउने ११८, राइड सेयरिङमा १९८, रातोबत्तीमा १२६, तीव्र गतिमा १३१, लेनक्रसमा ७३, सडक फुटपाथमा ९०, हर्न निषेधमा ९५, एकतर्फीमा १०५, अन्यमा ९८६ लाई कारबाही गरिएको उपत्यका ट्राफिक प्रहरी प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक नवराज अधिकारीले जानकारी दिनुभयो ।

मादकपदार्थ सेवन गरी सवारी चलाउनु कानुनविपरीत तथा दण्डनीय कार्य भएको र चालकले मादक पदार्थ वा लागुपदार्थ सेवन गरेको शङ्का लागेमा यात्रुले तत्काल नजिकैको प्रहरी कार्यालय, ट्राफिक कन्ट्रोल रूमको हटलाइन नम्बर १०३ र प्रहरीको हटलाइन नम्बर १०० मा खबर गर्न ट्राफिक प्रहरीले आग्रह गरेको छ ।

काठमाण्डु उपत्यकामा लागुपदार्थ सेवन गरी सवारी साधन चलाउने पाँच जना चालकलाई ट्राफिक प्रहरीले नियन्त्रणमा लिएको छ । काठमाडौँ उपत्यकामा बढ्दो सडक दुर्घटना न्यूनीकरण तथा सार्वजनिक सवारी यात्रालाई सुरक्षित बनाउन ट्राफिक प्रहरीले विशेष अभियान सञ्चालन गरिरहेका बेला आज काठमाडौँको थली क्षेत्रमा गरिएको ‘लागुपदार्थ सेवन (लापसे) चेकिङ’ का क्रममा उनीहरू पक्राउ परेका हुन् ।

उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार नेपाल प्रहरी अस्पतालको प्राविधिक टोलीको सहयोगमा उपत्यका ट्राफिक प्रहरी कार्यालय, लागुऔषध नियन्त्रण ब्यूरो तथा ट्राफिक प्रहरी प्रभाग थलीको संयुक्त टोलीले सवारी चालकहरूमा विशेष परीक्षण गरेको थियो । सो क्रममा लागुपदार्थ सेवन गरेर सवारीसाधन चलाइरहेको अवस्थामा पाँच जना चालक फेला परेपछि नियन्त्रणमा लिइएको हो ।

नियन्त्रणमा परेकामध्ये दुई जना बस चालक, एक जना मिनीट्रक चालक, एक जना लाइट गाडी चालक तथा एक जना हात्ती भ्यान चालक रहेका छन् ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले संयुक्त टोलीद्वारा गरिएको चेकिङका क्रममा चालकहरूको स्वास्थ्य परीक्षण तथा प्रारम्भिक जाँच गर्दा लागुपदार्थ सेवन गरेको पुष्टि भएपछि नियन्त्रणमा लिइएको जानकारी दिनुभयो । रासस

# जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताः क्षिरेश्वरनाथ नगरपालिका प्रथम



**टुडे समाचारदाता**

जनकपुरधाम । जिल्ला खेलकुद विकास समिति धनुषाको आयोजनामा जनकपुरधाममा सञ्चालन भएको जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता शनिबार सम्पन्न भएको छ । प्रतियोगितामा जिल्लाभरका विभिन्न स्थानीय तहका खेलाडीहरूको उत्साहजनक सहभागिता रहेको थियो ।

प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्दै क्षिरेश्वरनाथ नगरपालिका प्रथम स्थान हासिल गर्न सफल भएको छ । विजेता बनेसँगै क्षिरेश्वरनाथ नगरपालिकाले धनुषा जिल्ला खेलकुद विकास समितिका अध्यक्ष कुश कुमार यादवको हातबाट शिल्ड ग्रहण गर्दै २०८३ सालको राष्ट्रपति रनिङ शिल्ड उपाधि जितेको हो ।

त्यसैगरी गणेशमान चारनाथ नगरपालिका दोस्रो स्थान तथा जनकनन्दिनी गाउँपालिका तेस्रो स्थान हासिल गर्न सफल भएका छन् ।

सो प्रतियोगिताको समापन समारोहमा विभिन्न स्थानीय तहका जनप्रतिनिधि, खेलाडी, प्रशिक्षक तथा विद्यार्थीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । सहभागी खेलाडीहरूको उत्कृष्ट प्रदर्शनले जिल्लामा खेलकुद विकास र प्रतिभा पहिचानमा सकारात्मक योगदान पुगेको आयोजकले जनाएको छ ।

# अबदेखि सार्वजनिक बसमा ‘लगेज ट्याग’ प्रणाली लागू हुने

काठमाण्डु । काठमाण्डु उपत्यकाबाट बाहिरिने लामो दूरीका सार्वजनिक सवारी साधनमा अबदेखि यात्रुको लगेज (झोला) ट्याग प्रणाली लागू गरिने भएको छ । यात्रुको सामान सुरक्षित बनाउने, झोला हराउने तथा साटिने समस्या अन्त्य गर्ने र सार्वजनिक यातायातलाई थप व्यवस्थित बनाउने उद्देश्यसहित उक्त प्रणाली लागू गर्न लागिएको हो ।



यस सम्बन्धमा शुक्रबार काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालय र राष्ट्रिय यातायात व्यवसायी महासङ्घबीच औपचारिक सम्झौता भएको छ । सम्झौतापत्रमा काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक नवराज अधिकारी तथा राष्ट्रिय यातायात व्यवसायी महासङ्घका अध्यक्ष सरोज सिटौलाले हस्ताक्षर गर्नुभएको हो ।

सम्झौताअनुसार अब लामो दूरीका सार्वजनिक बसमा यात्रा गर्ने यात्रुको लगेजमा यहीँ जेठ १५ गतेदेखि विशेष ट्याग लगाइने भएको छ । यात्रुले पाउने ट्याग नम्बर र बसमा राखिने सामानको ट्याग नम्बर मिलाएर मात्रै गन्तव्यमा सामान बुझाइने व्यवस्था गरिने बताइएको छ ।

यसले यात्रुको सामान सुरक्षित राख्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ । काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक नवराज अधिकारीले सार्वजनिक यातायात क्षेत्रमा बढ्दो लगेज चोरी, झोला हराउने तथा गैरकानुनी गतिविधि नियन्त्रण गर्न यस्तो प्रणाली आवश्यक रहेको रासससलाई जानकारी दिनुभयो ।

> “सार्वजनिक सवारी साधनमा यात्रा गर्ने यात्रुको लगेज हराउने, चोरी हुने तथा अन्य अवाञ्छित गतिविधि रोक्न यो प्रणाली प्रभावकारी हुनेछ । यात्रुको सुरक्षालाई केन्द्रमा राखेर ट्राफिक प्रहरी र यातायात व्यवसायीबीच सहकार्य गरिएको हो । प्रारम्भिक चरणमा जेठ १५ बाट यो व्यवस्था लामो दूरीका सवारी साधनमा लागू हुनेछ ।”

उहाँले भन्नुभयो, “सार्वजनिक सवारी साधनमा यात्रा गर्ने यात्रुको लगेज हराउने, चोरी हुने तथा अन्य अवाञ्छित गतिविधि रोक्न यो प्रणाली प्रभावकारी हुनेछ । यात्रुको सुरक्षालाई केन्द्रमा राखेर ट्राफिक प्रहरी र यातायात व्यवसायीबीच सहकार्य गरिएको हो । प्रारम्भिक चरणमा जेठ १५ बाट यो व्यवस्था लामो दूरीका सवारी साधनमा लागू हुनेछ ।”

राष्ट्रिय यातायात व्यवसायीक महासङ्घका अध्यक्ष सरोज सिटौलाले हवाई यात्रामा जस्तै सार्वजनिक बस सेवामा पनि आधुनिक व्यवस्थापन प्रणाली भित्र्याउन लागिएको जानकारी दिनुभयो । उहाँका अनुसार यात्रुको लगेज सुरक्षित राख्ने विषय लामो समयदेखि चुनौतीका रूपमा रहेको थियो ।

उहाँले भन्नुभयो, “जहाजमा जस्तै अब बसमा पनि लगेज ट्याग प्रणाली लागू हुनेछ । यसले यात्रुको झोला साटिने, हराउने वा गलत व्यक्तिले लैजाने समस्या हटाउनेछ । यात्रुले ढुक्क भएर यात्रा गर्न सक्ने वातावरण बन्नेछ ।”

यातायात व्यवसायीका अनुसार चाडपर्व, भीडभाड तथा रात्रीकालीन यात्राका क्रममा यात्रुको सामान हराउने गुनासो धेरै आउने गरेको थियो ।

कतिपय अवस्थामा चोरी तथा अवैध वस्तु ओसारपसारमा सार्वजनिक सवारीको दुरुपयोग हुने गरेको भन्दै सुरक्षा निकायले चिन्ता व्यक्त गर्दै आएका थिए । नयाँ प्रणाली लागू भएपछि यस्ता गतिविधिमा कमी आउने अपेक्षा गरिएको छ ।

यस प्रणालीअन्तर्गत बस काउन्टरबाट यात्रुको लगेजमा कोड वा नम्बरसहितको ट्याग लगाइनेछ । सोही नम्बर यात्रुलाई पनि उपलब्ध गराइनेछ । गन्तव्यमा पुगेर ट्याग मिलाएपछि मात्रै सामान हस्तान्तरण गरिने व्यवस्था मिलाइने तयारी गरिएको छ ।

ट्राफिक प्रहरीका अनुसार आगामी दिनमा प्रविधिमैत्री तथा डिजिटल प्रणालीसमेत जोड्ने योजना बनाइएको छ । आवश्यक परे क्युआर कोड वा डिजिटल रेकर्ड राख्ने अभ्यास पनि सुरु गर्न सकिने बताइएको छ ।

यसैबीच काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले आजै “सडक र सवारी लक्षित मनसुनजन्य विपद् न्यूनीकरण अभियान-२०८३”को पनि शुभारम्भ गरेको जनाएको छ । वर्षायाममा हुन सक्ने सडक दुर्घटना, पहिरो, डुबान तथा सवारी अवरोधलाई लक्षित गर्दै उक्त अभियान सुरु गरिएको कार्यालयले जनाएको छ ।

ट्राफिक प्रहरीले मनसुन अवधिमा यात्रुको सुरक्षालाई प्राथमिकतामा राखेर सवारी साधनको प्राविधिक अवस्था परीक्षण, चालकको स्वास्थ्य जाँच, जोखिमयुक्त सडकको निगरानी तथा यात्रु सचेतना कार्यक्रम सञ्चालन गरिने जानकारी दिएको छ ।

सार्वजनिक यातायात क्षेत्रमा नयाँ सुरक्षा अभ्यासको रूपमा हेरिएको लगेज ट्याग प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन भए यात्रुको विश्वास बढ्नुका साथै सार्वजनिक यातायात सेवा थप व्यवस्थित र सुरक्षित बन्ने अपेक्षा गरिएको छ । रासस


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

**मेष :** सन्तान वा परिवारका साना सदस्यहरु बाट सुखद सामाचार प्राप्त होला ।
**वृष :** पारिवारिक वातावरण केही तनावपूर्ण रहन सक्छ ।
**मिथुन :** तपाईको आत्मविश्वास र साहस बढ्नेछ।
**कर्कट :** आर्थिक पक्ष बलियो रहनेछ ।
**सिंह :** मानसम्मान र प्रतिष्ठामा वृद्धि हुनेछ ।
**कन्या :** आज खर्चको मात्रा बढ्न सक्छ । स्वास्थ्यमा ध्यान दिनुहोला ।
**तुला :** आज-आर्जनका क्षेत्रमा उल्लेख्य प्रगति हुनेछ ।
**वृश्चिक :** कार्यक्षेत्रमा पदोन्नति वा जिम्मेवारी थपिने सम्भावना छ ।
**धनु :** रोकिएका धार्मिक वा मांगलिक कार्यहरु सम्पन्न हुनेछन् ।
**मकर :** आजको दिन केही चुनौतीपूर्ण रहन सक्छ ।
**कुम्भः** जीवनसाथीको सहयोगले नयाँ अवसरहरु प्राप्त हुनेछन् ।
**मीनः** शत्रुहरुमाथि विजय प्राप्त हुनेछ । मामाघरबाट सहयोग मिल्नेछ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# सहिदको छोरी आकृतिको सपना देशको सेवा गर्ने

नारायणगढ । भरतपुर महानगरपालिका-११ बसेनीस्थित जेन- जी आन्दोलनका सहिद सारकुमार राईको घर (डेरा) मा शनिबार केही समयका लागि पीडा भुलाउने वातावरण बन्यो । लामो समयदेखि शोक र पीडामा रहेको परिवारमा सहिद राईकी छोरी आकृति राईले माध्यामिक शिक्षा परीक्षा (एसइई)मा राम्रो अङ्कसहित उत्तीर्ण भएपछि खुसी छाएको हो ।

आकृतिको पढाइको जिम्मेवारी लिएका गोल्याण ग्रुपका अध्यक्ष तथा पदाधिकारीको टोली उहाँलाई बधाई दिन घरमै पुगेको थियो । आकृतिकी आमा सुनिता राईले छोरीको सफलताले परिवारमा आशा र आत्मविश्वास बढाएको बताउनुभयो । उहाँले भन्नुभयो, “अब आँट आउन थालेको छ । मेरो नानीले केही गर्छे जस्तो लागेको छ ।” उहाँले छोरीको शिक्षामा सहयोग गर्ने गोल्याण ग्रुपप्रति आभार व्यक्त गर्दै दुःख र अन्योलबीच आएको सहयोग परिवारका लागि मलमसरह बनेको बताउनुभयो । परिवारमा परेको पीडाले छोरी पहिलेभन्दा अझ आत्मविश्वासी र समाजमा केही गर्न सक्ने खालकी बनेको उहाँको भनाइ थियो ।

उहाँले भन्नुभयो, “पहिले धेरै नबोल्ने छोरी अहिले तीन-चार जना मानिस भएको ठाउँमा बोल्न सक्ने भएकी छ । उसले मलाई सम्झाउने गर्छे ।” गोल्याण ग्रुपका अध्यक्ष तथा प्रबन्ध निर्देशक अक्षय गोल्याणले आकृतिले पीडालाई पन्छाएर पढाइमा उत्कृष्ट नतिजा ल्याएको बताउनुभयो । उहाँले आफूहरूसँगै शिक्षक र परिवारको सहयोगले आकृतिलाई विज्ञान विषय अध्ययनतर्फ अघि बढ्न थप प्रेरणा मिलेको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, “पीडाबाट कसरी अगाडि बढ्ने भन्ने कुरा आकृतिको पढाइले सिकाउँछ । राम्रो अभिभावक र शिक्षक पाए विद्यार्थी अझ राम्रो गर्न सक्छन् । आकृतिकी आमाले पीडाका बाबजुद ठूलो साथ दिनुभएको छ ।” उहाँले विद्यार्थी पास मात्रै नभई आत्मनिर्भर बन्न सक्ने खालको हुनुपर्ने बताउँदै विद्यार्थीको चाहना र क्षमताअनुसार शिक्षा प्राप्त गर्न सहयोग गर्दै आएको जानकारी दिनुभयो ।

उदयपुरको चौदण्डीगढी नगरपालिका स्थायी घर भएकी आकृतिले कक्षा ८ देखि भरतपुरस्थित मनशिक्षा मन्दिर माध्यमिक विद्यालयमा अध्ययन गर्दै आउनुभएको हो । उहाँले विद्यालय परिवार र सहयोगी संस्थाको साथले पढाइ सहज भएको बताउनुभयो । उहाँले भन्नुभयो, “गोल्याण के हो भन्ने पहिले थाहा थिएन । भेट भएपछि आफ्नै परिवार जस्तो लागेको छ ।” आकृतिले अब भरतपुरस्थित आरोमा कलेजमा प्लस टु अध्ययन गर्ने बताउँदै भविष्यप्रति आशावादी रहेको धारणा राख्नुभयो । प्लस टु अध्ययनपछि बिएससी नर्सिङ अध्ययन गरी देशमै सेवा गर्ने इच्छा रहेको उहाँले बताउनुभयो ।

मनशिक्षा मन्दिर माध्यमिक विद्यालय का प्रधानाध्यापक इन्द्रेश शाहले आकृति मेहिनती र जिम्मेवार विद्यार्थी रहेको बताउनुभयो । उहाँले पारिवारिक पीडाका बाबजुद विद्यालय र पछि गोल्याण ग्रुपबाट प्राप्त सहयोगले आकृतिमा थप उत्साह आएको उल्लेख गर्नुभयो ।रासस

## नेपालमा मृत्युको प्रमुख कारक बन्दै नसर्ने रोगः

# रोगको जोखिमलाई घटाउने उपाय ‘पेन-डी प्याकेज’

“नसर्ने रोगको समस्या निरन्तर बढिरहेको छ । यसको प्रभाव न्यूनीकरण गर्न “पेन डी प्याकेज” प्रभावकारी उपाय बन्न सक्छ । आगामी वर्षदेखि यसलाई नगरपालिकाको नीति तथा कार्यक्रममा समावेश गर्ने तयारी गरेका छौं ।”

काठमाण्डु । नेपालमा नसर्ने रोगहरू (उच्च रक्तचाप, मधुमेह, क्यान्सर, मुटु तथा रक्तनली र श्वासप्रश्वाससम्बन्धी रोग) समयअगावै हुने मृत्युका प्रमुख कारणका रूपमा देखापरेका छन् ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार कुल मृत्युको करिब ७१ प्रतिशत हिस्सा नसर्ने रोगका कारण हुने गरेको छ । साथै, सन् २०३० सम्म यो दर ७९ प्रतिशतसम्म पुग्ने प्रक्षेपण गरिएको छ । यस्ता रोगहरूले व्यक्ति, परिवार तथा समग्र स्वास्थ्य प्रणालीमा पर्ने भार निरन्तर बढाइरहेका छन् ।

स्वास्थ्य तथा खाद्य सुरक्षा मन्त्रालयद्वारा कार्यान्वयनमा ल्याइएको ‘नसर्ने रोगको रोकथाम तथा नियन्त्रणका लागि बहुक्षेत्रीय कार्ययोजना (२०७८-२०८२)’अनुसार करिब २२ प्रतिशत नेपाली जनता नसर्ने रोगका कारण ३० देखि ७० वर्षको उमेर बीचमै अकाल मृत्युको जोखिममा छन् ।

पछिल्लो समय अधिकांश घरपरिवारमा कुनै न कुनै प्रकारका नसर्ने रोगका बिरामी भेटिन थालेका छन् । यद्यपि, २०७८ माघ २४ गते मन्त्रिपरिषद्‌बाट स्वीकृत उक्त महत्वाकाङ्क्षी कार्ययोजनाले अपेक्षित रूपमा नसर्ने रोग न्यूनीकरणमा उल्लेखनीय सुधार ल्याउन सकेको छैन ।

नेपालमा व्यक्तिगत घटना दर्ता प्रणाली पूर्ण रूपमा प्रभावकारी नभएकाले नसर्ने रोगसम्बन्धी राष्ट्रिय मृत्यु-दरका तथ्याङ्क प्राप्त गर्न अझै चुनौती रहेको छ ।

हाल करिब ५० प्रतिशत मृत्यु मात्र दर्ता हुने अनुमान गरिएको छ । सरकारी अस्पतालहरूको अन्तरङ्ग तथा बहिरङ्ग सेवामा आउने बिरामीहरूमध्ये ठूलो हिस्सा नसर्ने रोगसँग सम्बन्धित रहेको तथ्याङ्कले देखाएको छ ।

अर्कोतर्फ, भूकम्प, बाढी, पहिरो तथा जलवायुजन्य विपद्‌जस्ता जोखिमप्रति नेपालको उच्च संवेदनशीलताले कमजोर स्वास्थ्य सेवा प्रणालीलाई पटक-पटक प्रभावित बनाइरहेको छ । नसर्ने रोग भएका व्यक्तिहरूका लागि यस्ता अवरोधहरू झन् प्राणघातक बन्न सक्छन् । यसले नियमित उपचारमा अवरोध, औषधिको अभाव तथा गम्भीर स्वास्थ्य जटिलता निम्त्याउने गरेको छ ।

विपद्‌को समयमा नसर्ने रोग भएका व्यक्तिहरूको उपचार सेवालाई निरन्तरता दिन विपद्‌का समयमा नसर्ने रोगसम्बन्धी अत्यावश्यक हेरचाह ‘पेन-डी प्याकेज’ तयार गरिएको हो । यो ‘प्याकेज’ले विपद्‌का बेला नसर्ने रोगको उपचारमा देखिने महत्वपूर्ण कमी तथा अवरोधलाई सम्बोधन गर्ने उद्देश्य राख्दछ । नेपालले प्राथमिक स्वास्थ्य सेवामार्फत नसर्ने रोग व्यवस्थापनका लागि विश्व स्वास्थ्य सङ्गठनको ‘अत्यावश्यक नसर्ने रोग उपचार प्याकेज’ (डब्लुएचओ - पेन) अवलम्बन गरिसकेको भए पनि विपद्‌का समयमा त्यसलाई प्रभावकारी रूपमा सञ्चालन गर्न अझै पर्याप्त तयारी र संरचना आवश्यक रहेको देखिएको छ ।

‘पेन-डी प्याकेज’ ले विद्यमान राष्ट्रिय स्वास्थ्य प्रणाली र ‘प्रोटोकल’लाई आधार मानेर आपत्कालीन अवस्थालाई ध्यानमा राख्दै सेवाको दायरा विस्तार गर्न सहयोग गर्दछ । यसले नियमित स्वास्थ्य प्रणाली अवरुद्ध भए पनि अत्यावश्यक नसर्ने रोगसम्बन्धी सेवाहरू उपलब्ध, सञ्चालनयोग्य र प्रभावकारी रहने सुनिश्चित गर्दछ । नयाँ ‘क्लिनिकल’ मापदण्ड थप गर्नुको सट्टा यसले उपचार सेवाको निरन्तरतामा विशेष जोड दिन्छ ।

साथै, विपद्‌अघि, विपद्‌को समयमा र विपद् पश्चात् औषधि, निदान सेवा, दक्ष जनशक्ति तथा सेवा प्रवाह प्रणालीलाई सक्रिय र सुदृढ राख्न सहयोग पुऱ्याउँछ ।



‘पेन-डी प्याकेज’ मुख्य रूपमा एक व्यावहारिक तथा एकीकृत कार्यढाँचा हो, जसले नसर्ने रोगसम्बन्धी सेवाहरूलाई विपद् पूर्वतयारी, प्रतिकार्य तथा पुनःस्थापनाका गतिविधिसँग जोड्दछ । यसअन्तर्गत जोखिम नक्साङ्कन, उच्च जोखिममा रहेका बिरामीहरूको पहिचान, आवश्यक औषधि तथा परीक्षण सामग्रीको पूर्व भण्डारण, मोबाइल तथा विकेन्द्रीकृत स्वास्थ्य सेवा सञ्चालन, स्वास्थ्यकर्मी तथा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको क्षमता अभिवृद्धि, र बिरामीहरूलाई स्व-हेरचाहसम्बन्धी मार्गदर्शन प्रदान गर्ने व्यवस्था समावेश गरिएको छ ।

यसले स्वास्थ्य तथा विपद् व्यवस्थापन प्रणाली बीचको समन्वयलाई प्राथमिकता दिँदै समुदायदेखि स्वास्थ्य संस्था र राष्ट्रिय स्तरसम्मको प्रतिकार्य संयन्त्रलाई जोड्दछ । यसरी ‘पेन-डी प्याकेज’ ले नसर्ने रोगसम्बन्धी सेवाहरूलाई समुदायस्तरीय स्वास्थ्य सेवासँग एकीकृत गरी विपद्‌को कठिन परिस्थितिमा पनि सेवा निरन्तरता कायम राख्न सक्षम प्रणाली निर्माणमा सहयोग पुऱ्याउँछ ।

विपद् व्यवस्थापन चक्रका सबै चरणमा ‘पेन-डी प्याकेज’ को भूमिका अत्यन्त महत्वपूर्ण छ । विपद्‌अघि यसले जोखिममा रहेका व्यक्तिको पहिचान, औषधि भण्डारण, स्वास्थ्यकर्मी तालिम तथा समुदाय सचेतनामार्फत तयारीलाई सुदृढ बनाउँछ । साथै, बिरामीलाई स्व-व्यवस्थापन र आपत्कालीन ‘किट’ मार्फत सशक्त बनाइन्छ भने स्वास्थ्य संस्थाहरूलाई आपूर्ति प्रणाली र समन्वय सुदृढ गर्न सहयोग गरिन्छ ।

त्यसैगरी, पूर्वानुमानमा आधारित पूर्वकार्यअन्तर्गत बाढी वा पहिरोजस्ता सम्भावित विपद्‌को पूर्वसूचना प्राप्त भएपछि दुई-चार हप्ताका लागि आवश्यक औषधिको पूर्ववितरण, घुम्ती स्वास्थ्य टोली परिचालन, सामुदायिक स्वास्थ्यकर्मी परिचालन तथा उच्च जोखिममा रहेका बिरामीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने कार्यहरू सञ्चालन गरिन्छ । सेवा प्रवाहका माध्यममा ‘पेन-डी प्याकेज’ किट, औषधि, नगद वा नगद-सहितको सहयोग, जनचेतना तथा क्षमता विकास कार्यक्रमहरू पनि समावेश गरिएका छन् ।

विपद्‌को समयमा नसर्ने रोगसम्बन्धी सेवा प्रभावकारी रूपमा निरन्तर सञ्चालन गर्न पूर्वसूचना तथा पूर्वकार्य प्रणालीलाई स्वास्थ्य सेवासँग एकीकृत गरिएको छ । बाढी तथा पहिरोजस्ता जोखिमसम्बन्धी पूर्वानुमानलाई पूर्वनिर्धारित ‘ ट्रिगर’ सँग जोडेर आवश्यक तयारी तथा सेवा सञ्चालन प्रक्रिया सक्रिय गरिन्छ । यसले समयमै सूचना प्रवाह, औषधिको पूर्व भण्डारण तथा स्वास्थ्य टोली परिचालन सुनिश्चित गर्दछ ।

साथै, पूर्वसूचना प्रणालीमा उच्च जोखिममा रहेका बिरामीहरूको सूची, स्वास्थ्य संस्थाको तयारी अवस्था तथा आपूर्ति शृङ्खलासम्बन्धी सूचकहरू समावेश गरिएका छन् ।

विपद्‌को समयमा ‘मोबाइल क्लिनिक’, ‘टेलिमेडिसिन’, समुदायमा आधारित अनुगमन तथा पूर्व भण्डारित सामग्री वितरणमार्फत सेवा निरन्तरता सुनिश्चित गरिन्छ । अग्रपङ्क्तिका स्वास्थ्यकर्मी तथा स्वयंसेवकहरूले आधारभूत परीक्षण, परामर्श तथा अनुगमन सेवा प्रदान गर्दछन् । मस्तिष्काघात (स्ट्रोक) वा मधुमेहजन्य जटिलताजस्ता आपत्कालीन अवस्थाका लागि आवश्यक ‘रेफरल’ प्रणालीसमेत सञ्चालनमा राखिन्छ । विपद्‌पश्चात् नियमित सेवा पुनःस्थापना, उपचार अवरोधका कारण उत्पन्न जटिलताको व्यवस्थापन तथा सिकाइलाई भावी योजनामा समावेश गरिन्छ ।

‘पेन-डी प्याकेज’ ले समावेशिता र समानतालाई पनि प्राथमिकता दिन्छ । विशेषगरी ज्येष्ठ नागरिक, फरक क्षमता (अपाङ्गता) भएका व्यक्ति तथा सीमित गतिशीलता भएका व्यक्तिहरूलाई प्राथमिकतामा राखेर ‘कोही पनि पछाडि नछुटोस्’ भन्ने अवधारणालाई व्यवहारमा उतारिएको छ । समुदायको सहभागिता, कार्य विभाजन तथा विकेन्द्रीकृत सेवा प्रवाहमार्फत स्थानीय क्षमताको उपयोग गर्दै सामुदायिक उत्थानशीलता सुदृढ बनाइन्छ । मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग, सुरक्षित आश्रयस्थल तथा बिरामी-केन्द्रित सेवा कार्यढाँचाले यसको प्रभावकारिता अझ बढाउँछ ।

राष्ट्रिय स्तरमा ‘पेन-डी प्याकेज’ को अवलम्बन नेपाल सरकारका लागि रणनीतिक आवश्यकता र अवसर दुवै हो । यसले परम्परागत रूपमा आकस्मिक रोगमा केन्द्रित विपद् व्यवस्थापन प्रणालीमा दीर्घकालीन नसर्ने रोगसम्बन्धी सेवाहरूलाई समेट्दै नीति तथा कार्यान्वयनका कमीहरू पूर्ति गर्दछ । साथै, विश्वव्यापी स्वास्थ्य सेवा पहुँच तथा विपद् जोखिम न्यूनीकरणसम्बन्धी राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रतिबद्धतासँग पनि मेल खान्छ ।

देशव्यापी रूपमा ‘पेन-डी प्याकेज’ को विस्तारले सङ्घीयदेखि स्थानीय तहसम्म तथ्यमा आधारित तथा मापदण्डयुक्त कार्यान्वयन सुनिश्चित गर्नेछ । यसले स्वास्थ्य संस्था, आपत्कालीन प्रतिकार्य प्रणाली तथा सामुदायिक सञ्जाललाई विपद्‌को समयमा नसर्ने रोग भएका व्यक्तिहरूको सुरक्षा र उपचार निरन्तरताका लागि सक्षम बनाउनेछ ।

साथै, यसले दीर्घकालीन आर्थिक तथा सामाजिक भार घटाउँदै मृत्यु तथा जटिलता न्यूनीकरणमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

‘पेन-डी प्याकेज’ नेपालमा स्वास्थ्य तथा विपद् प्रतिकार्य प्रणालीका लागि समयसापेक्ष तथा अत्यावश्यक नवीन पहल हो । यसले नियमित नसर्ने रोगसम्बन्धी सेवा र आपत्कालीन प्रतिकार्यबीचको खाडल पूरा गर्दै सेवा निरन्तरता, समानता तथा उत्थानशीलता सुनिश्चित गर्दछ । यसको संस्थागत अवलम्बनले जोखिममा रहेका समुदायको संरक्षण, स्वास्थ्य प्रणालीको तयारी सुदृढीकरण तथा विपद्‌को बीच पनि सुरक्षित भविष्य निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउनेछ ।

‘पेन-डी प्याकेज’ स्वास्थ्य तथा स्वच्छता मन्त्रालयको मार्गदर्शन तथा सहयोगमा स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखासँगको सहकार्य तथा नेपाल रेडक्रस सोसाइटीको नेतृत्वमा विकास गरिएको हो । उक्त प्याकेज निर्माणमा डेनिस रेडक्रस, क्यानाडियन रेडक्रस तथा आरहुस विश्वविद्यालयबाट प्राविधिक सहयोग र नोभो नर्डिस्क फाउन्डेसनबाट आर्थिक सहयोग प्राप्त भएको थियो ।

### ‘पेन-डी प्याकेज’ : सफल अभ्यास, सबै पालिकामा कार्यान्वयन आवश्यक

नेपाल रेडक्रस सोसाइटीले बर्सेनि बाढी तथा डुबानको उच्च जोखिममा रहेका कैलालीको भजनी नगरपालिका र कञ्चनपुरको लालझाडी गाउँपालिकामा ‘उत्थानशील नसर्ने रोगः पश्चिम नेपालका विपद्-सम्भावित नगरपालिकाहरूमा नसर्ने रोग उपचार सेवाको उत्थानशीलता सुदृढीकरण’ कार्यक्रम सञ्चालन गरेको थियो ।

कार्यक्रमको मुख्य उद्देश्य विपद्‌को समयमा नसर्ने रोग भएका व्यक्तिहरूलाई निरन्तर स्वास्थ्य सेवा उपलब्ध गराउने तथा स्थानीय स्वास्थ्य प्रणालीको क्षमता अभिवृद्धि गर्नु रहेको थियो ।

दुईवर्षे परियोजनाअन्तर्गत हालै विपद्‌को समयमा ‘पेन-डी प्याकेज’ प्याकेजको परीक्षण तथा कार्यान्वयन तयारीका लागि कृत्रिम घटना अभ्यास सम्पन्न गरिएको थियो । विभिन्न प्रोटोकलहरूलाई आठवटा परिदृश्यमा आधारित अभ्यासमार्फत परीक्षण गरिएको थियो । अभ्यासमा पालिका, स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र, विषयगत शाखा, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, स्वास्थ्य संस्था, स्थानीय समुदाय तथा विपद् व्यवस्थापन समितिको सक्रिय सहभागिता रहेको थियो ।

परियोजनालाई स्थानीय तह तथा प्रभावित समुदायले सफल अभ्यासका रूपमा मूल्याङ्कन गरेका छन् । भजनी नगरपालिकाका प्रमुख केवल चौधरीका अनुसार नगरपालिकाका नौवटै वडा बाढी तथा डुबानको उच्च जोखिममा रहेका छन् । विगत केही वर्षदेखि बाढी र डुबानका कारण मानवीय तथा भौतिक क्षति दोहोरिँदै आएको छ ।

उहाँका अनुसार पछिल्लो समय नसर्ने रोगको बढ्दो भारले बाढीको समयमा समुदायलाई झन् बढी जोखिममा पारेको छ । उहाँले भन्नुभयो, “नसर्ने रोगको समस्या निरन्तर बढिरहेको छ । यसको प्रभाव न्यूनीकरण गर्न ‘पेन डी प्याकेज’ प्रभावकारी उपाय बन्न सक्छ । आगामी वर्षदेखि यसलाई नगरपालिकाको नीति तथा कार्यक्रममा समावेश गर्ने तयारी गरेका छौँ ।”

त्यस्तै, लालझाडी गाउँपालिकाका अध्यक्ष निर्मल रानाले ‘रेजिलियन्स नसर्ने रोग उपचार सेवा’ परियोजना कार्यान्वयनपछि नसर्ने रोगसम्बन्धी धेरै जानकारी र अनुभव प्राप्त भएको बताउनुभयो । उहाँले भन्नुभयो, “सरुवा रोगभन्दा नसर्ने रोगले मानिसलाई धेरै प्रभावित बनाइरहेको छ । उपचार खर्च पनि दिनानुदिन महँगो हुँदै गएको छ । झन् विपद्‌को समयमा यस्ता बिरामीको सेवा निरन्तरता सुनिश्चित गर्नु ठूलो चुनौती बन्छ । त्यसैले ‘पेन डी प्याकेज’लाई आगामी नीति तथा कार्यक्रममा समावेश गर्ने निर्णय गरेका छौँ । यसमा सङ्घीय र प्रदेश सरकारको सहयोग आवश्यक छ ।”

इपिडिमियोलोजी तथ रोग नियन्त्रण महाशाखा, सामुदायिक स्वास्थ्यविज्ञ डा सबिन पराजुली तथा व्यवस्थापन महाशाखाका सुदीप आलेमगर ‘पेन डी प्याकेज’ प्रमाणीकरण तथा स्वास्थ्य प्रणालीभित्र आबद्ध गरेर सबै पालिकामा कार्यान्वयन आवश्यक रहेकामा जोड दिनुभयो । रासस

# हिमाल आरोही सशस्त्र प्रहरीका दुई महिला कर्मचारीको एक तह बढुवा

काठमाण्डु । विश्वको सर्वोच्च शिखर सगरमाथा तथा लोत्से हिमाल आरोही सशस्त्र प्रहरी सहायक निरीक्षक निम दिक्की शेर्पा र सगरमाथा आरोही सशस्त्र प्रहरी सहायक हवल्दार अनिता कार्कीलाई एक तह बढुवा गरिने भएको छ ।

सशस्त्र प्रहरी सहायक निरीक्षक शेर्पालाई तत्काल बढुवा प्रक्रिया अगाडि बढाइएको छ भने सशस्त्र प्रहरी सहायक हबल्दार कार्कीलाई हालको दर्जाको न्यूनतम अवधि पुगेपछि हबल्दारमा बढुवा गरिने भएको सशस्त्र प्रहरीका केन्द्रीय प्रवक्ता, सशस्त्र प्रहरी नायब महानिरीक्षक विष्णुप्रसाद भट्टले जानकारी दिनुभयो ।

सशस्त्र प्रहरी महानिरीक्षक नारायणदत्त पौडेलले उक्त घोषणा गरेसँगै आवश्यक प्रक्रिया थालिएको पनि उहाँले बताउनुभयो ।



साथै सशस्त्र प्रहरी महानिरीक्षक पौडेलले सगरमाथा तथा लोत्से हिमालको सफलतापूर्वक आरोहण गरेका सशस्त्र प्रहरी सहायक निरीक्षक शेर्पा र सशस्त्र प्रहरी सहायक हबल्दार कार्कीलाई हार्दिक बधाई दिनाका साथै उनीहरुले विश्वको सर्वोच्च शिखरमा राष्ट्र र सङ्गठनको झण्डा फहराउनु गर्वको विषय भएको उल्लेख गर्नुभयो ।

उहाँले उच्च मनोबल र हौसलाका साथ विश्वको सर्वोच्च शिखर सगरमाथाको चुचुरोमा राष्ट्र र सङ्गठनको झण्डा फहराउनु गौरवको विषय भएको चर्चा गर्नेहुँदै उनीहरुले गरेको हिमाल आरोहणले सकल दर्जाका राष्ट्रसेवक सशस्त्र प्रहरी कर्मचारीहरुको मनोबलमा समेत हौसला, प्रेरणा र उत्साह मिलेको बताउनुभयो ।

सो कार्यक्रममा शेर्पा र कार्कीले राष्ट्र र सङ्गठनको झण्डा सर्वोच्च शिखर सगरमाथामा फहराउन पाउनु गर्वको विषय भएको र सफल आरोहणका लागि सहयोग, समन्वय तथा साथ दिनुहुने सशस्त्र प्रहरी बल नेपाललगायत सम्पूर्णमा हार्दिक कृतज्ञता तथा धन्यवाद व्यक्त गर्नुभएको थियो ।

सशस्त्र प्रहरी सहायक हबल्दार अनिता कार्कीले जेठ ३ गते बिहान १० बजेर २० मिनेटमा विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गर्नुभएको थियो ।

सशस्त्र प्रहरी सहायक निरीक्षक निम डिक्की शेर्पाले सोही दिन बिहान ११ बजेर ५५ मिनेटमा सगरमाथा र जेठ ४ गते दिउँसो ३ बजेर २५ मिनेटमा लोत्से हिमालको सफल आरोहण गर्नुभएको थियो ।

सशस्त्र प्रहरी बल, नेपालका तर्फबाट सगरमाथा र लोत्से हिमाल आरोहण गर्ने सशस्त्र प्रहरी सहायक निरीक्षक निम डिक्की शेर्पा र सगरमाथा आरोहण गर्ने सशस्त्र प्रहरी सहायक हबल्दार अनिता कार्की सशस्त्र प्रहरी बल नेपालमा पहिलो महिला आरोही हुन् रासस

# पक्की भवन सहितको चार रोपनी जग्गा नगर विकास समितिलाई फिर्ता

कास्की । अखिल नेपाल ट्रेड युनियन महासङ्घ गण्डकीले लामो समयदेखि उपभोग गर्दै आइरहेको भवनसहित चार रोपनी जग्गा शनिबार फिर्ता गरेको छ ।

पोखरा उपत्यका नगर विकास समितिको स्वामित्वमा पृथ्वीचोकमा रहेको सार्वजनिक जग्गामा महासङ्घले स्वीकृति लिएर पक्की संरचना बनाएको थियो ।

पोखरा महानगरपालिका र उपत्यका नगर विकास समितिको सार्वजनिक जग्गा स्वीकृति लिएर वा नलिईकन बनाइएका संरचना खाली गर्नका लागि दिएको ३५ दिने सूचनाको म्याद सकिनु एक दिनअघि महासङ्घले आफूले निर्माण गरेका संरचना बुझाएको हो ।

ट्रेड युनियन महासङ्घले विसं २०६७ मा करिब रु एक करोड ५३ लाख लागतमा निर्माण भएको १३ कोठे भवनको चाबी आज महासङ्घ गण्डकी





प्रदेश अध्यक्ष रुद्र गौतमले उपत्यका नगर विकास समितिका अध्यक्षसमेत रहनुभएका महानगर प्रमुख धनराज आचार्यलाई हस्तान्तरण गर्नुभएको हो ।

भवनको साँचो बुझ्दै नगर प्रमुख आचार्यले सार्वजनिक तथा सरकारी स्वामित्वमा रहेको जग्गा संरक्षणका सम्बन्धमा यसलाई सुखद सुरुआतका रूपमा उल्लेख गर्नुभयो । उपत्यका नगर विकास समिति र महानगरपालिकाको अनुरोधलाई समन्वयात्मक ढङ्गले भवनको चाबी बुझाएको महासङ्घप्रति उहाँले आभार व्यक्त गर्नुभयो । पोखरा महानगरपालिका सार्वजनिक तथा सरकारी स्वामित्वमा रहेका जग्गाहरूको संरक्षण गर्दै विकास अभियान सञ्चालन गर्ने कार्यमा प्रतिबद्ध रहेको उहाँले बताउनुभयो । उपत्यका नगर विकास समितिको स्वामित्वमा रहेको जग्गामा यसरी नै बसोबास वा कार्यालय सञ्चालन गरिरहेका अन्य व्यक्ति वा सङ्घसंस्थाहरुलाई तत्काल खाली गर्न अनुरोध गर्नुभयो ।

“पोखरा महानगर सार्वजनिक जमिनको संरक्षण अभियानमा रहेको छ । राज्यका अन्य निकायहरुले समेत सार्वजनिक सम्पत्तिको रक्षाका लागि पटक पटक ताकेता गर्दै आएका छन्,” प्रमुख आचार्यले भन्नुभयो ।

पोखरा उपत्यका नगर विकास समितिको स्वामित्वमा रहेको पृथ्वीचोक र आसपासको जग्गामा विभिन्न सङ्घसंस्था र व्यक्तिहरूले भोग चलन गर्दै आइरहेका छन् । पोखराको पृथ्वी चोकमा व्यवस्थित बसपार्क निर्माणको प्रक्रिया अगाडि बढेकाले सो क्षेत्रसहित महानगर क्षेत्रभित्रको सार्वजनिक जग्गा खाली गर्न महानगरपालिकाले जारी गरेको ३५ दिने सार्वजनिक सूचनाको म्याद आज सकिँदैछ ।

महानगरले बसपार्कका संरचना खाली गर्नुअघि त्यहाँ बसोबास गरिरहेका भूमिहीन सुकुमवासीको विवरण सङ्कलन गरेको छ ।रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# अद्योगति तर्फ कांग्रेस

जेनजी आन्दोलनपछि नेपाली कांग्रेसका युवा र असन्तुष्ट पक्षले एकसाथ तत्कालीन सभापति शेरबहादुर देउवा सहितको नेतामाथि आक्रमक रुपमा प्रस्तुत भए ।पार्टीको विशेष महाधिवेशनगरी देउवा सहितको नेताहरुलाई पाखा लगाइयो ।एकपक्षीय रुपमा कांग्रेसको विशेष महाधिवेशनले गगन थापालाई सर्वसम्मत रुपमा सभापतिमा चयन गरे ।जोश, जाँगरले भरिएका युवा थापाले अत्यन्त सुझबुझका साथ पार्टीको नेतृत्व गर्दा जेनजी आन्दोलनको कारण जनताबाट दूर भएको कांग्रेस पुनःस्थापित हुने अपेक्षा गरिएको थियो ।तर चुनावमा कांग्रेस नराम्ररी पराजित भयो ।नेपाली कांग्रेसको एकजना पनि केन्द्रीय पदाधिकारी चुनावमा जित्न सकेनन् ।हुन त चुनावको मुखमा नै विशेष महाधिवेशन सम्पन्न भएकोले पदाधिकारीहरुले चुनाव सम्बन्धी धेरै काम गर्न भ्याएनन् ।तर त्यो भनेर पनि कांग्रेसका पदाधिकारीहरुले उम्किने ठाउँ छैन् ।नेपाली कांग्रेसका तत्कालीन सभापति लगायतका पदाधिकारीहरुलाई विशेष महाधिवेशनबाट फाल्ने अनेक कारण मध्ये एउटा प्रमुख कारण जेनजी आन्दोलनको स्प्रिट थियो ।पुराना पुस्तालाई मतदाताले मन नपराएको भन्दै कांग्रेसका युवा र असन्तुष्ट पक्षले मिलेर पुराना नेतृत्वलाई विस्थापित गरे ।तर चुनावमा राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)ले झाडुले नै कांग्रेसलाई देशैभरि बढारि दियो ।कांग्रेस देशको सबै भन्दा ठूलो दलबाट झरेर प्रतिनिधि सभामा न्यून सिट सहित दोस्रो स्थानमा छ ।कांग्रेसको भन्दा एमालेका नेताहरुमाथि जेनजी आन्दोलनको बढी दबाब थियो ।तर एमालेका युवा, नेताहरुले अध्यक्ष केपी शर्मा ओलीलाई पदबाट हटाएर चुनाव जित्ने मृगतृष्णामा परेनन् ।कांग्रेसका युवा होनहार सभापति थापाले पनि कुनै चमत्कार गर्न सकेनन् ।देउवा नेतृत्वले चुनावमा एमालेसित तालमेल गरेर जाने पक्षमा थिए ।तर थापाले एमालेसित कुनै हालतमा तालमेल गरेर नजाने अडान लिए ।चुनावमा कांग्रेस एक्लै सहभागी भए ।तर त्यसले पनि सकारात्मक परिणाम दिन सकेन् ।एमाले, नेपाली कम्युनिष्ट पार्टी(नेकपा)सित सहकार्य नगर्ने बताउँदै आएका सभापति थापा भने आफ्नो अडानमा चार महिना पनि कायम रहन सकेनन् ।उनी अहिले एमाले र नेकपा दुवैसित सहकार्य गर्न थालेका छन् ।सातवटै प्रदेशमा कांग्रेस, एमाले र नेकपा मिलेर सरकार बनाउन थालेका छन् ।कांग्रेसले तीनवटा प्रदेशमा, एमालेले तीनवटा प्रदेशमा र नेकपाले एउटा प्रदेशमा सरकारको नेतृत्व गर्ने सहमति गरिएको छ ।त्यसको पहिलो परिणाम मधेश प्रदेशमा देखिएको छ ।एमाले र नेकपासित देउवाले तालमेल गर्दा ठूलो क्षति हुने भाष्य सिर्जना गरेको थापाले अन्ततःत्यही पथमा हिडेका छन् ।कांग्रेसमा बढ्दो अन्तर कलह र वाम आकर्षण घातक हुनसक्छ ।कांग्रेस अद्योगति तर्फ बढ्न थालेको छ ।नेपाली कांग्रेसको जनाधार खस्किसकेको छ ।नेपाली कांग्रेसले मधेश प्रदेशमा मधेशी दलहरुलाई हटाएर एमाले र नेकपासितको सहकार्यमा सरकार केही समय चलाए पनि त्यसले कांग्रेसको बचेको धरातल पनि समाप्त हुने देखिन्छ।

# एजेन्डा पुनर्निर्माण गर्दै यसरी लिन सक्छ वाम आन्दोलनले नयाँ अध्याय



आशिष रेग्मी

मानव समाजको विकासलाई बुझ्ने क्रममा कार्ल मार्क्सले प्रतिपादन गरेको वर्ग सङ्घर्षको सिद्धान्त आज पनि विश्व राजनीतिका सबैभन्दा प्रभावशाली वैचारिक सिद्धान्तमध्ये एक मानिन्छ। मार्क्सले समाजलाई स्थिर होइन, निरन्तर परिवर्तनशील संरचनाका रूपमा हेरे । उनका अनुसार समाजको विकास विचारको द्वन्द्वबाट होइन, भौतिक उत्पादन सम्बन्धभित्रको द्वन्द्वबाट हुन्छ। यही कारण उनले हेगेलको वैचारिक द्वन्द्ववादलाई भौतिक आधारमा पुनर्व्याख्या गर्दै द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादको सिद्धान्त अगाडि सारे ।

मार्क्सका अनुसार मानव सभ्यताको विकास वर्गीय सङ्घर्षको इतिहास हो । दास युगमा मालिक र दासबीचको द्वन्द्व, सामन्तवादी युगमा सामन्त र किसानबीचको द्वन्द्व तथा पुँजीवादी समाजमा बुर्जुवा र सर्वहारा वर्गबीचको द्वन्द्व समाज परिवर्तनका प्रमुख कारक बने । उत्पादनका साधनमाथि नियन्त्रण गर्ने वर्गले सधैँ प्रभुत्व जमायो भने श्रम बेचेर बाँच्ने वर्ग शोषित रह्यो । यही शोषणको संरचनालाई मार्क्सले 'अतिरिक्त मूल्य'को अवधारणाबाट व्याख्या गरे भने समाजको विकासलाई थेसिस र एन्टिथेसिसबीचको सङ्घर्षबाट सिन्थेसिसतर्फको यात्रासँग जोडे । सिन्थेसिस नयाँ समाजको थेसिस बन्न पुग्यो भने त्यसै थेसिसका आधारमा नयाँ एन्टिथेसिसको विकास हुन्छ। यो प्रक्रिया निरन्तर चलिरहन्छ।

तर, आज प्रश्न यो छ कि के एक्काइसौँ शताब्दीको समाज अझै पनि उही पारम्परिक पुँजीवादी संरचनाभित्र छ ? वा चौथो औद्योगिक क्रान्तिपछि विश्व नयाँ प्रकारको सामाजिक-आर्थिक संरचनातर्फ प्रवेश गरिरहेको छ ? आज विश्व कृत्रिम बुद्धिमत्ता (एआई), बिग डेटा, एल्गोरिद्मिक व्यवस्थापन, प्लाटफर्म अर्थतन्त्र, डिजिटल निगरानी र सामाजिक सञ्जालद्वारा निर्देशित समाजतर्फ अघि बढिरहेको छ। विश्व आर्थिक मञ्चका संस्थापक क्लाउस स्वाबले सन् २०१६ मा अगाडि सारेको चौथो औद्योगिक क्रान्तिको अवधारणाले भौतिक, डिजिटल र जैविक संसारबीचको सीमारेखा बिलाउँदै गएको तथ्यलाई औँल्याउँछ। त्यसैगरी जापानले प्रतिपादन गरेको 'सोसाइटी ५.०' को अवधारणाले प्रविधि र मानव जीवनको एकीकरणलाई सङ्केत गर्छ। यसले मानव जीवनलाई सहज बनाउने सम्भावना बोकेको भए पनि शक्ति र सम्पत्तिको केन्द्रीकरणलाई नयाँ स्तरमा पुर्‍याएको छ।

तथ्याङ्कले यो केन्द्रीकरणको गहिराइ स्पष्ट देखाउँछ। अक्सफामको सन् २०२४ को प्रतिवेदनअनुसार विश्वका पाँच जना सबैभन्दा धनी व्यक्तिको सम्पत्ति सन् २०२० देखि दोब्बर भएको छ, जब कि विश्वका झन्डै पाँच अर्ब मानिस झन् गरिब बनेका छन् । यी पाँचमध्ये अधिकांश प्रविधि क्षेत्रसँग सम्बन्धित छन् ।

### टेक्नीयुडलिजमको उदय

यही परिवर्तित सन्दर्भमा ग्रिसका पूर्वअर्थमन्त्री तथा अर्थशास्त्रका प्राध्यापक यानिस भारुफाकिसले आफ्नो पुस्तक टेक्नोफ्युडलिजम : ह्वाट किल्ड क्यापिटलिजम ? मा 'टेक्नो-फ्युडलिजम'को अवधारणा अगाडि सारेका छन् । उनका अनुसार आजको विश्व परम्परागत पुँजीवादबाट क्रमशः नयाँ प्रकारको डिजिटल सामन्तवादतर्फ गइरहेको छ । पुँजीवादमा बजार मुख्य शक्ति थियो तर आज डिजिटल प्लाटफर्महरूले बजारलाई नै नियन्त्रण गर्न थालेका छन्। प्रविधि कम्पनीहरूले डेटा, एल्गोरिद्म र डिजिटल पूर्वाधारमाथिको नियन्त्रणमार्फत विश्व अर्थतन्त्र र जनमतलाई निर्देशित गरिरहेका छन् ।

भारुफाकिसको तर्क छ कि यी प्लाटफर्महरू अब बजार होइनन्, क्लाउड-जागिर हुन् । यहाँ प्रयोगकर्ता र साना व्यवसायीहरूले पहुँचको बदलामा क्लाउड रेन्ट तिर्न बाध्य छन् । यो ठ्याक्कै मध्ययुगीन सामन्तले जमिनको पहुँच दिएबापत किसानबाट उठाएको लगानको आधुनिक संस्करण हो ।

तर यो दृष्टिकोणका आलोचक पनि छन् । एभ्गेनी मोरोजोभ लगायतका विद्वानहरूले भारुफाकिसको 'सामन्तवाद' शब्दको प्रयोगमा प्रश्न उठाएका छन्। उनी यसलाई पुँजीवादको अन्त्य होइन बरु यसको नयाँ चरण अर्थात् 'प्लाटफर्म पुँजीवाद' वा 'निगरानी पुँजीवाद' मात्र हो भनेर तर्क गर्छन् । यो वैचारिक बहसले उत्पादन सम्बन्ध र शक्ति संरचनामा रूपान्तरण भएको कुरामा एकमत रहेको देखाउँछ।

यदि सामन्तवादी युगमा जमिन उत्पादनको मुख्य साधन थियो भने आज डेटा नयाँ जमिन बनेको छ। जसरी सामन्तहरूले किसानको श्रम र उत्पादनमाथि नियन्त्रण गर्थे, त्यसरी नै आजका टेक एलिटहरूले डिजिटल प्लाटफर्म, एल्गोरिद्म र सूचनामाथिको नियन्त्रणमार्फत नयाँ प्रकारको प्रभुत्व कायम गर्न खोजिरहेका छन् । सामाजिक सञ्जाल प्रयोग गर्ने साधारण प्रयोगकर्ता निःशुल्क सेवा उपभोग गरिरहेको जस्तो देखिए पनि वास्तवमा उसले आफ्नो व्यवहार, रुचि, समय र डेटालाई उत्पादनका साधनका रूपमा हस्तान्तरण गरिरहेको हुन्छ। हार्भर्ड बिजनेस स्कुलकी प्राध्यापक सोसाना जुबोफले यसैलाई 'निगरानी पुँजीवाद' भन्दै मानव अनुभव नै कच्चा मालका रूपमा रूपान्तरण भइरहेको तथ्यलाई औँल्याएकी छन् ।

आजको शोषण परम्परागत कारखानाभित्र सीमित छैन। यो एल्गोरिद्मिक छ। प्लाटफर्महरूले कामदारलाई प्रत्यक्ष मालिकको आदेशबाट होइन एल्गोरिद्मको आदेशबाट नियन्त्रण गरिरहेका छन् । राइड-सेयरिङ कम्पनीका चालक, फुड डेलिभरी गर्ने श्रमिक वा डिजिटल कन्टेन्ट निर्माता सबै अदृश्य एल्गोरिद्मिक व्यवस्थापनअन्तर्गत काम गरिरहेका छन् । उनीहरूको श्रमको मूल्य, पहुँच, दृश्यता र अवसर सबै एल्गोरिद्मले निर्धारण गर्छ । यसले श्रमिकमाथिको नियन्त्रणलाई अझ सूक्ष्म, अदृश्य र प्रभावकारी बनाएको छ।

नेपाली सन्दर्भमा पनि यो यथार्थ बनिरहेको छ । काठमाण्डुका प्लाटफर्ममा आधारित भएर काम गर्ने हजारौँ चालकहरू कुनै निश्चित मालिक होइन बरु एप्लिकेसनको एल्गोरिद्मद्वारा निर्देशित छन् । फुडमान्डु, भोजडिल, दराजजस्ता प्लाटफर्ममा निर्भर डेलिभरी श्रमिकहरूको कमाइ, कार्यघण्टा, ग्राहक मूल्याङ्कन र निरन्तरताको प्रश्न एल्गोरिद्मले तय गर्छ। टिकटक, युट्युब र फेसबुकमार्फत आय आर्जन गर्ने नेपाली कन्टेन्ट निर्माताहरू पनि सिलिकन भ्यालीका कम्पनीहरूले निर्धारण गरेका नीति र एल्गोरिद्ममा निर्भर छन्। यी नयाँ श्रमिकहरूको कुनै ट्रेड युनियन छैन, श्रम कानुनको स्पष्ट सुरक्षा छैन र सामूहिक सौदाबाजीको कुनै औपचारिक संरचना छैन।

### नयाँ सर्वहारा को हो ?

विडम्बना के छ भने आज धेरै वामपन्थी तथा मार्क्सवादी आन्दोलनहरूले यही संरचनात्मक परिवर्तनलाई पर्याप्त रूपमा बुझ्न सकेका छैनन् । उनीहरू अझै पनि औद्योगिक युगकै वर्ग संरचनाभित्र राजनीतिक एजेन्डा खोजिरहेका छन्। जब कि समाजको वर्गीय संरचना नै बदलिइसकेको छ। आजको सर्वहारा कारखानाको मजदुर मात्र होइन, ऊ डेटा उत्पादन गर्ने डिजिटल प्रयोगकर्ता पनि हो । ऊ गिग इकनोमीको असुरक्षित श्रमिक पनि हो। उ एल्गोरिद्मिक नियन्त्रणभित्र बाँचेको मध्यमवर्गीय युवा पनि हो जसको चेतना सामाजिक सञ्जालद्वारा निर्माण भइरहेको छ ।

अन्तर्राष्ट्रिय श्रम सङ्गठनको सन् २०२१ को विश्व रोजगार र सामाजिक परिदृश्य प्रतिवेदनअनुसार विगत एक दशकमा डिजिटल श्रम प्लाटफर्महरूको संख्या पाँच गुणाले बढेको छ, र विश्वभर करोडौँ कामदार यस्ता प्लाटफर्ममा निर्भर भइसकेका छन्। यी श्रमिकहरू औपचारिक रोजगारीका कानुनी सुरक्षाभन्दा बाहिर छन् । उनीहरूका लागि न त निश्चित ज्याला छ, न त सामाजिक सुरक्षा, न त सामूहिक सौदाबाजीको अधिकार। यो आधुनिक 'डिजिटल कुल्ली' वर्गको उदय हो ।

वास्तवमा आजको वर्ग सङ्घर्षलाई बुझ्न उत्पादनका साधनको परम्परागत व्याख्या पर्याप्त छैन । आज उत्पादनका साधन उद्योग, मेसिन वा पुँजी मात्र होइनन्। डेटा, नेटवर्क, क्लाउड, कृत्रिम बुद्धिमत्ता र एल्गोरिद्मिक संरचना पनि हुन् । जसले यी संरचनामाथि नियन्त्रण गर्छ, उसैले शक्ति नियन्त्रण गर्छ। यसैले आजको वर्गीय विभाजन 'हुनेखाने' र 'हुँदा खाने' बीच अझ नयाँ स्वरूपमा देखा परेको छ। एकातिर प्रविधि, डाटा र एल्गोरिद्मिक संरचनामाथि नियन्त्रण गर्ने टेक एलिट वर्ग छ। अर्कोतिर आफ्नो श्रम, समय, व्यवहार र चेतनालाई डिजिटल संरचनामा समर्पण गर्न बाध्य विशाल जनसमूह छ । यो सम्बन्ध परम्परागत मजदुर-पुँजीपति सम्बन्धभन्दा अझ जटिल र अदृश्य छ।

सामाजिक सञ्जालको उदयले राजनीतिक चेतनाको निर्माण प्रक्रियालाई पनि पूर्ण रूपमा बदलिदिएको छ। विगतमा राजनीतिक दल, ट्रेड युनियन वा वैचारिक सङ्गठनहरू जनमत निर्माणका मुख्य माध्यम थिए । आज जनमत निर्माणको ठूलो हिस्सा डिजिटल प्लाटफर्मद्वारा निर्देशित भइरहेको छ। कुन विषय ट्रेन्ड हुन्छ, कुन विचार दृश्यमा आउँछ, कुन आवाज दबाइन्छ यी सबै कुरा एल्गोरिद्मले तय गरिरहेको छ। यसले लोकतन्त्रको स्वरूपलाई समेत चुनौती दिएको छ।

सन् २०१८ मा सार्वजनिक भएको क्याम्ब्रिज एनालिटिका काण्डले देखाएको थियो कि कसरी फेसबुकका करोडौँ प्रयोगकर्ताको डाटा अनधिकृत रूपमा प्रयोग गरी अमेरिकी राष्ट्रपतीय निर्वाचन र ब्रेक्जिटसम्ममा राजनीतिक प्रभाव पारियो। यो एउटा बाहिर देखिएको महत्वपूर्ण घटना थियो । नदेखिएका कतिपय अरू पनि होलान् । यसले देखाउँछ, डिजिटल युगमा लोकतन्त्रको खतरा खुला तानाशाहीबाट होइन बरु अदृश्य एल्गोरिद्मिक हेरफेरबाट सिर्जना भइरहेको छ।

### नेपाली वाम आन्दोलनको चुनौती

यही कारण आजको प्रगतिशील राजनीति वा वाम आन्दोलनले पुराना नाराहरू दोहोर्‍याएर समाज परिवर्तन गर्न सक्दैन । इतिहासमा हरेक आन्दोलनले आफ्नो समयको भौतिक यथार्थलाई बुझेर एजेन्डा निर्माण गरेको हुन्छ । औद्योगिक युगको आन्दोलनले श्रमिक अधिकार, आठ घण्टा काम, न्यूनतम पारिश्रमिक र उत्पादनका साधनमाथिको स्वामित्वको प्रश्न उठायो । ती आन्दोलनहरूले धेरै उपलब्धि पनि हासिल गरे। तर जब समाजको संरचना बदलिन्छ, आन्दोलनका एजेन्डा पनि बदलिनुपर्छ ।

नेपालको सन्दर्भमा यो प्रश्न झन् तीखो छ । संसारमा सायदै यस्तो अर्को मुलुक होला जहाँ कम्युनिस्ट पार्टीहरूले पटक-पटक सरकार बनाएका छन् तर डेटा सार्वभौमिकता, डिजिटल श्रमिकको अधिकार, प्लाटफर्म नियमन, कृत्रिम बुद्धिमत्ताको लोकतान्त्रिक नियन्त्रण र साइबर सुरक्षाजस्ता विषयमा गम्भीर बहसको चरम अभाव छ। नेपाली वाम आन्दोलनको वैचारिक केन्द्रमा अझै पनि बीसौँ शताब्दीको कारखाना-आधारित वर्ग कल्पना हावी देखिन्छ जबकि बाहिर सडकमा पठाओका चालक, टिकटकका कन्टेन्ट निर्माता र फ्रिल्यान्सरहरूको नयाँ श्रमिक वर्ग आफ्ना समस्या लिएर एक्लै उभिएका छन् ।

आजको आन्दोलनले डाटा स्वामित्व, डिजिटल गोपनीयता, एल्गोरिद्मिक पारदर्शिता, कृत्रिम बुद्धिमत्तामाथिको लोकतान्त्रिक नियन्त्रण, प्लाटफर्म श्रमिकको अधिकार, डिजिटल एकाधिकारको नियन्त्रण र प्रविधिमाथिको सार्वजनिक पहुँचजस्ता विषयलाई आफ्नो केन्द्रमा राख्नुपर्छ। युरोपेली सङ्घले सन् २०२४ मा पारित गरेको एआई कानुन र सन् २०१८ देखि लागू भएको जीडीपीआरले डिजिटल अधिकारको कानुनी ढाँचा कस्तो हुन सक्छ भन्ने उदाहरण प्रस्तुत गरेका छन्। नेपालले पनि आफ्नै सन्दर्भमा त्यस्ता ढाँचाहरू निर्माण गर्न ढिलाइ गर्नु हुँदैन। यदि वाम आन्दोलनले आजको मध्यम वर्ग, डिजिटल श्रमिक र प्रविधिद्वारा प्रभावित नयाँ पुस्ताको आकाङ्क्षा बुझ्न सकेन भने ऊ इतिहासको किनारमा पुग्नेछ ।

> युरोपेली संघले सन् २०२४ मा पारित गरेको एआई कानुन र सन् २०१८ देखि लागू भएको जीडीपीआरले डिजिटल अधिकारको कानुनी ढाँचा कस्तो हुन सक्छ भन्ने उदाहरण प्रस्तुत गरेका छन्। नेपालले पनि आफ्नै सन्दर्भमा त्यस्ता ढाँचाहरू निर्माण गर्न ढिलाइ गर्नु हुँदैन। यदि वाम आन्दोलनले आजको मध्यम वर्ग, डिजिटल श्रमिक र प्रविधिद्वारा प्रभावित नयाँ पुस्ताको आकाङ्क्षा बुझ्न सकेन भने ऊ इतिहासको किनारमा पुग्नेछ ।

### परिवर्तित यथार्थ, परिवर्तनशील सिद्धान्त

मार्क्सवादको मूल आत्मा स्थिरता होइन, परिवर्तनको वैज्ञानिक अध्ययन हो । त्यसैले आजको आवश्यकता मार्क्सवादलाई पाठ्यपुस्तकीय रूपमा दोहोर्‍याउनुभन्दा पनि वर्तमान समाजको भौतिक संरचनालाई मार्क्सवादी दृष्टिकोणबाट पुनर्पाठ गर्नु हो । मार्क्स स्वयं आज जीवित भएको भए सम्भवतः उनले कारखानाको धुवाँभन्दा बढी डेटा सेन्टर, एल्गोरिद्म र डिजिटल प्लेटफर्महरूको अध्ययन गरिरहेका हुन्थे। ग्रन्डिूसेमा मार्क्सले लेखेका थिए कि एक दिन 'सामान्य बौद्धिकता' अर्थात् सामूहिक ज्ञान नै उत्पादनको प्रमुख शक्ति बन्नेछ । आज कृत्रिम बुद्धिमत्ता र डाटा अर्थतन्त्रको रूपमा त्यो भविष्यवाणी यथार्थ बनिरहेको छ।

अन्ततः, वर्ग सङ्घर्ष समाप्त भएको छैन । यसको स्वरूप मात्र बदलिएको छ। आजको वर्ग सङ्घर्ष कारखानाभित्र मात्र होइन, डिजिटल स्पेसभित्र पनि भइरहेको छ । आजको शोषण केबल श्रमको होइन, चेतनाको पनि हो । आजको प्रभुत्व केबल आर्थिक होइन, एल्गोरिद्मिक पनि हो । त्यसैले एक्काइसौँ शताब्दीको प्रगतिशील आन्दोलनले प्रविधिलाई केवल उपकरणका रूपमा होइन शक्ति संरचनाका रूपमा बुझ्नुपर्छ।

यदि वाम आन्दोलनले चौथो औद्योगिक क्रान्तिपछिको समाजलाई सही ढङ्गले पढ्न सकेन भने उसले भविष्य गुमाउनेछ। तर यदि उसले टेक्नो-फ्युडल संरचनालाई बुझ्दै नयाँ वर्गीय यथार्थअनुसार आफ्नो एजेन्डा पुनर्निर्माण गर्न सक्यो भने वर्ग सङ्घर्षको नयाँ अध्याय सुरु हुन सक्छ । इतिहासको गति कहिल्यै रोकिँदैन । प्रश्न केवल यति हो- हामी त्यो गतिलाई बुझिरहेका छौँ कि छैनौँ, बुझ्न चाहिरहेका छौँ कि छैनौँ ? (नेपालखबरडटकमबा साभार गरिएको हो ।)

# असामान्य वर्षा: प्रि-मनसुनको झरी, सम्भावित "सुपर एल निनो" र सुक्खा मनसुनको चुनौती

डा विनोद पोखरेल / डा सुरेश मरहट्टा

यस वर्ष नेपालको मौसमी अवस्था सामान्यभन्दा निकै फरक देखिएको छ । सामान्यतया मार्चदेखि मेसम्मको (फागुन १६ देखि जेठ १५ सम्म) अवधि प्रि-मनसुन मानिन्छ, जुन समयमा सामान्यतया गड्याङगुडुङ गर्दै छोटो समयको वर्षा, हावाहुरी र केही दिनको अस्थिर मौसम देखिन्छ । तर, यस वर्ष भने मार्चको सुरुदेखि नै लगभग दैनिकजसो वर्षा भइरहेको छ र त्यो क्रम अझै पनि जारी छ । देशका धेरै भागहरूमा लगातार बादल लाग्ने, मध्यमदेखि भारी वर्षा हुने, चट्याङ तथा असिना पर्ने घटनाहरू बारम्बार धेरै ठाउँमा देखिएका छन् । दुई महिनादेखि भइराखेको वर्षाको प्रमुख मौसमी प्रणाली सक्रिय पश्चिमी वायु नै हो ।

सामान्यतया जाडो याममा बढी प्रभावकारी हुने पश्चिमी वायु यस वर्ष प्रि-मनसुन अवधिमा पनि अत्यन्त सक्रिय देखिएको छ। यसले नेपालभरि लामो समयसम्म लगातार वर्षा गराई राखेको छ।

देशका विभिन्न मौसम केन्द्रहरूले पछिल्ला दुई महिनामा उल्लेखनीय वर्षा रेकर्ड गरेका छन् । केही वर्षदेखि हिउँदे (१५ मङ्सिर देखि १५ फागुनसम्म) वर्षामा उल्लेखनीय कमि आएको देखिन्छ तर चैत वैशाखमा वर्षाको मात्रा राम्रैसँग बढेको पनि छ। जल तथा मौसम विज्ञान विभागको त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा रहेको वर्षा मापक केन्द्रको आँकडा हेर्दा यो वर्ष २०२६ को चार महिना जनवरी, फरबरी, मार्च र अप्रिलको वर्षा अस्वभाविक होइन।

सन् १९९१ देखि २०२० (३० वर्ष)सम्म को यी चार महिनाको औसत कूल वर्षा हेर्दा १२६ मि मि रहेकामा यो वर्षा २०२६ मा यो चार महिनाको अवधिमा जम्मा १२० मि मि वर्षा रेकर्ड गरिएको छ। यसैगरी विगत ३० वर्षामा औसत २० दिन वर्षा हुने गरेकामा यो वर्ष २० दिन नै वर्षा रेकर्ड गरिएको छ। विगत १० वर्ष जस्तै सन् २०१७, २०१९, २०२० र २०२२, मा औसतभन्दा बढी वर्षा भएको छ। यसमा सन् २०१९ मा २२५ मि मि (४० दिन ) र सन् २०१६, २०१८, २०२१, २०२३, २०२४ र २०२५ मा औसतभन्दा कम वर्षा भएको छ। त्यसमध्ये पनि सन् २०१६, २०२२ र २०२४ मा ५० मि मि भन्दा कम वर्षा भएको थियो। यसैगरी २०२४ मा जम्मा आठ दिन मात्र वर्षा भएको थियो।

मध्यम अवधिको मौसम पूर्वानुमानले आगामी दुई हप्तासम्म पनि वर्षा प्रणाली सक्रिय रहने सङ्केत दिएको छ। अर्थात् जेठ महिनाको अन्त्यसम्म धेरै स्थानहरूमा वर्षा जारी रहने सम्भावना देखिन्छ। यद्यपि, त्यसपछि भने मौसमको ढाँचा अचानक परिवर्तन हुने सङ्केतहरू देखिन थालेका छन् । जुन महिनादेखि क्रमशः सुक्खा अवस्था विकसित हुनसक्ने अनुमान गरिएको छ, जुन आगामी मनसुनका लागि चिन्ताजनक सङ्केत हुन सक्छ।

यस वर्षको सबैभन्दा महत्वपूर्ण पक्ष भनेको प्रशान्त महासागरमा विकसित हुँदै गएको सम्भावित 'सुपर एल निनो' अवस्था हो । एल निनो एक जलवायु प्रणाली हो, जसमा मध्य तथा पूर्वी प्रशान्त महासागरको तापक्रम सामान्य भन्दा धेरै हुन्छ। जब एल निनो अत्यधिक बलियो हुन्छ अर्थात् मध्य तथा पूर्वी प्रशान्त महासागरको तापक्रम औसतभन्दा दुई डिग्री वा त्योभन्दा बढी हुन्छ, त्यसलाई 'सुपर एल निनो' भनिन्छ। अनुसन्धानले देखाएको छ कि बलियो एल निनोका वर्षहरूमा दक्षिण एसियाली मनसुन प्रायः कमजोर हुने गर्छ र नेपालमा पनि सुपर एल निनोको भएका पछिल्ला वर्षहरुमा औसतभन्दा धेरै कम वर्षा भएको तथ्याङ्क देखिन्छ।

आगामी छ महिना (सम्भावना त्योभन्दा बढी पनि) सम्मको संसारभरको मौसम यही एल निनोले प्रभाव पर्ने देखिन्छ। त्यसैको कारणले तापक्रम बढ्ने, कुनै ठाउँमा सुख्खा त कुनै ठाउँमा भीषण वर्षा हुने र कृषि उत्पादनलाई सबैभन्दा धेरै प्रभाव पार्ने देखिन्छ। सबैभन्दा धेरै असर यो मनसुनमा एसियामा सुक्खा हुने हुँदा धान उत्पादन घट्ने सम्भावना छ।



नेपालका लागि मनसुन केवल मौसमीय घटना मात्र होइन, अर्थतन्त्रको आधार पनि हो । नेपालको कृषि प्रणाली वर्षामा अत्यधिक निर्भर छ। धान, मकैलगायतका प्रमुख बालीहरू समयमै पर्ने मनसुन वर्षामा आधारित हुन्छन् । यदि यस वर्ष मनसुन कमजोर भयो भने धान रोपाइँमा ढिलाइ, उत्पादनमा गिरावट, तथा खाद्य सुरक्षामा चुनौती आउन सक्छ। यो वर्ष देखिएको ढाँचाले वर्षाको समयगत स्थानान्तरण भएको सङ्केत दिन्छ । पूर्व-मनसुन अवधिमा अत्यधिक वर्षा भइरहेको छ भने मुख्य मनसुन समयमा कम वर्षा हुनसक्ने सम्भावना बढ्दो छ।

प्रि-मनसुनको वर्षाले तत्कालका लागि माटोमा आर्द्रता बढाउने र केही बालीलाई फाइदा पुर्‍याउने भए पनि, दीर्घकालीन रूपमा मनसुनकै वर्षा कृषि उत्पादनका लागि निर्णायक हुन्छ। विशेष गरी असार-साउनमा पर्याप्त पानी नपरे धानखेतीमा ठूलो असर पर्न सक्छ । यसको असर कृषि क्षेत्रमा मात्र सीमित रहने छैन। नेपालको समग्र अर्थतन्त्रमा कृषि क्षेत्रको ठूलो योगदान भएकाले उत्पादन घट्दा खाद्यान्नको मूल्य वृद्धि हुन सक्छ। आयात निर्भरता बढ्न सक्छ र व्यापार घाटा थप गहिरिन सक्छ। ग्रामीण क्षेत्रमा रोजगारी र आम्दानीमा पनि प्रत्यक्ष असर पर्नेछ।

यसको प्रभावका कारण जलविद्युत् क्षेत्रमा पनि चुनौती थपिन सक्छ । नेपालका अधिकांश जलविद्युत् आयोजना नदीको बहावमा आधारित छन् । यदि मनसुन कमजोर भयो भने नदीमा पानीको मात्रा घट्न सक्छ, जसले विद्युत् उत्पादनमा कमी ल्याउन सक्छ । ऊर्जा सङ्कटको सम्भावना बढ्नुका साथै औद्योगिक उत्पादन र दैनिक जीवनमा समेत असर पर्न सक्छ । पर्यटन क्षेत्रमा पनि दोहोरो प्रभाव देखिन सक्छ। पूर्व-मनसुनमा लगातार वर्षाले ट्रेकिङ, हिमाल आरोहण र आन्तरिक पर्यटनमा बाधा पुर्‍याउन सक्छ । त्यसपछि यदि लामो सुख्खा अवस्था विकसित भयो भने हिमाली तथा प्राकृतिक जलस्रोतहरूको सौन्दर्य र आकर्षणमा असर पर्न सक्छ।

यस परिस्थितिमा सरकार र सम्बन्धित निकायहरूले समयमै रणनीतिक तयारी गर्नु अत्यावश्यक देखिन्छ। कृषि क्षेत्रमा सिँचाइ व्यवस्थाको विस्तार, कम पानी चाहिने बालीहरूको प्रवर्द्धन तथा मौसमअनुकूल खेती प्रणाली अपनाउनुपर्ने आवश्यकता छ । किसानहरूलाई समयमै सिजनल पूर्वानुमान र मौसम सूचना उपलब्ध गराउनु अत्यन्त महत्वपूर्ण हुन्छ।

त्यसैगरी, जलस्रोत व्यवस्थापनलाई दीर्घकालीन रूपमा पुनः सोच्नुपर्ने आवश्यकता देखिएको छ । जलाशय निर्माण, वर्षा पानी सङकलन, तथा बहुउद्देश्यीय सिँचाइ योजनाहरूमा लगानी बढाउनुपर्ने अवस्था आएको छ । यो अवस्था जलवायु परिवर्तनसँग पनि जोडिएको हुनसक्छ । पछिल्ला वर्षहरूमा नेपालमा मौसमीय चरम घटनाहरू अत्यधिक वर्षा, लामो खडेरी, असिनापानी, गर्मीको लहर बढ्दै गएका छन् । यस वर्षको असामान्य प्रि-मनसुनको वर्षा र सम्भावित सुख्खा मनसुन भविष्यमा अझ जटिल जलवायु चुनौतीहरूको सङ्केत हुन सक्छ।

अहिले देखिएको लगातार वर्षा तत्कालका लागि राहतजस्तो देखिए पनि, त्यसले आगामी कमजोर मनसुनको सङ्केत दिन सक्छ। यदि सम्भावित सुपर एल निनोका कारण मनसुन कमजोर भयो भने त्यसको असर कृषि, ऊर्जा, पर्यटनदेखि समग्र राष्ट्रिय अर्थतन्त्रसम्म फैलिन सक्छ। त्यसैले अहिलेको मौसमीय अवस्थालाई सामान्य घटनाका रूपमा नलिएर, वैज्ञानिक विश्लेषण र दीर्घकालीन तयारीका साथ अघि बढ्नु समयको आवश्यकता हो । यति हुँदाहुँदै पनि नेपालमा एल निनोको समयमा पनि मनसुनमा वर्षा राम्रै हुने थोरै सम्भावना भने बाँकी रहन्छ किनकी नेपालमा मनसुनको अवस्था भारतको भन्दा फरक देखिन्छ। त्यसैले एउटा सकारात्मक सोच राख्ने ठाउँ भने बाँकी नै राखेर पूर्वानुमान गरिएको मौसमी प्रणाली भन्दा धेरै वर्षा हुने आशा गरौँ। (लेखकद्वय जल तथा मौसम विज्ञान केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालयमा कार्यरत हुनुहुन्छ)

# ‘अहिलेसम्मका परिवर्तनकारी आन्दोलनमा युवाको उल्लेखनीय योगदान छ’

कैलाली। सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले अहिलेसम्मका परिवर्तनकारी आन्दोलनमा युवाहरूको उल्लेखनीय योगदान रहेको बताउनुभएको छ। उहाँले विसं २००७ सालदेखि गत भदौमा भएको जेनजी पुस्ताको प्रयोगको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्नुभयो।

आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा युवाका आवाज समावेश गर्न प्रदेश सरकार सकारात्मक रहेको मुख्यमन्त्री शाहले स्पष्ट पार्नुभयो। उहाँले



आन्दोलनमा युवापुस्ताको उल्लेखनीय योगदान रहेको धारणा राख्नुभयो।

धनगढीमा शनिबार शुरु भएको ‘सुदूरपश्चिम प्रदेश युवा सम्मेलन २०२६’ को उद्घाटन सत्रलाई सम्बोधन गर्दै मुख्यमन्त्री शाहले उहाँले २००७ सालको क्रान्तिदेखि २०४६/४७ को जनआन्दोलन, २०६२/६३ को जनआन्दोलन हुँदै पछिल्लो जेनजी पुस्ताको आन्दोलनसम्म युवाहरूले लोकतन्त्र, गणतन्त्रको स्थापना तथा सुशासन प्रवर्द्धन र भ्रष्टाचार न्यूनीकरणका लागि उल्लेखनीय योगदान गरेका बताउनुभयो। उहाँले मुलुकमा भएका विभिन्न परिवर्तनमा युवाको सकारात्मक सोच, सक्रियता र प्रविधिमैत्री डिजिटल युगमा युवालाई अवसरसँगै सचेतनाको आवश्यकता रहेकामा जोड दिनुभयो।

कार्यक्रममा गैरसरकारी संस्था महासङ्घ नेपाल सुदूरपश्चिम प्रदेश अध्यक्ष देवीप्रसाद खनालको सभापतित्व भएको कार्यक्रममा महासङ्घका केन्द्रीय उपमहासचिव किरण थापा र भवराज रेग्मी, युवा अभियानका अध्यक्ष योगेन्द्र काफ्ले तथा सुदूरपश्चिम प्रदेश युवा परिषद्का कार्यकारी सदस्य पृथ्वीबहादुर शाहलगायतको उपस्थिति थियो।
आजदेखि सुरु भएको दुईदिने सम्मेलनमा सुदूरपश्चिम प्रदेशका नौवटै जिल्लाबाट युवाहरूको सहभागिता रहेको छ। सम्मेलन जेठ १० गतेसम्म सञ्चालन हुनेछ । रासस

# पहिचानको आवाज सम्बोधन गर्न खुला संवाद गरौं

**टुडे समाचारदाता**

काठमाण्डु। नेपाली कांग्रेसले कोशी प्रदेशको नामकरणपछि चर्किएको पहिचानको आन्दोलन र असन्तुष्टिलाई सर्वपक्षीय खुला संवादमार्फत सम्बोधन गर्न पहल गर्ने भएको छ।

सुनसरीको लौकहीमा शुक्रबार र शनिबार आयोजित कोशी प्रदेशस्तरीय दुई दिने परामर्श कार्यशालापछि कांग्रेसले २८ बुँदे कोशी संकल्प जारी गर्दै पहिचान र सामर्थ्यको बहसमा मध्यमार्गी बाटो लिने संकेत गरेको छ।

प्रदेश नामकरणको विषयलाई लिएर कोशी प्रदेशमा लामो समय राजनीतिक र सामाजिक तनाव पैदा भएको थियो।

पहिचान पक्षधरहरूको आन्दोलन र असन्तुष्टिका कारण जनप्रतिनिधिहरूलाई गाउँ-गाउँमा हिँड्न समेत कठिन भइरहेका बेला कांग्रेसले पहिलोपटक औपचारिक दस्तावेजमार्फत नै ‘खुला संवादबाट असन्तुष्टि सम्बोधन गर्ने’ मध्यमार्गी बाटो रोजेको हो।

२०७९ फागुन १७ मा प्रदेशको नाम कोशी राखेपछि प्रदेशमा लामो समयदेखि चलेको पहिचानवादी आन्दोलन झनै चर्केको थियो। त्यसबेला एमाले, कांग्रेस, माओवादी र राप्रपा मिलेर प्रदेश नामकरण गरेका थिए। पछिल्लो समय पहिचानको मुद्दाबारे धेरै दलहरू मौनप्रायः रहेका बेला कांग्रेसले संवाद गर्ने घोषणा गरेको हो।

प्रदेश सभाले नामकरण गरेपछि उत्पन्न प्रतिक्रिया र भावनालाई नजरअन्दाज गर्न नसकिने निष्कर्ष निकाल्दै कांग्रेसले सरोकारवाला सबैसँग



संवादको ढोका खोल्न अग्रसरता लिने प्रतिबद्धता जनाएको छ।

नेपाली कांग्रेस केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको आयोजनामा भएको भेलाले संकल्प पत्र सार्वजनिक गरेको हो।

सभापति गगन थापा, उपसभापति विश्वप्रकाश शर्मा, महामन्त्री गुरूराज घिमिरेसहितका नेताहरू सहभागी भेलाले कोशी संकल्प जारी गरेको हो। धेरै स्थानीय सरकारहरूको नेतृत्व गरिरहेको कांग्रेसले कोशी संकल्पमा पनि स्थानीय सरकार लक्षित घोषणाहरू धेरै समेटेको छ।

संकल्पमा जनताको घर-आँगनमै सेवा पुऱ्याउने गरी ‘घरदलान सेवा र कोखदेखि शोकसम्म’ को एकीकृत सामाजिक सुरक्षा कार्यक्रम ल्याउने घोषणा गरिएको छ।

नागरिकले स-साना कामका लागि पनि सास्ती खेप्नुपरेको स्वीकार गर्दै कांग्रेसले लाइन होइन अनलाइनको नीति अघि सार्ने घोषणा पनि समेटेको छ।

जन्मदर्ता, मृत्युदर्ता, स्वास्थ्य बीमा जस्ता आधारभूत सेवा अनलाइन वा सिधै नागरिकको घरमै पुगेर दिइने संकल्प पत्रमा उल्लेख छ। यसका साथै,अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक र सुत्केरीहरूका लागि घरमै स्वास्थ्य जाँच गर्ने व्यवस्था मिलाइने दाबी कांग्रेसको छ।

महिलाहरूको परम्परागत सीपलाई उद्यममा बदल्न ‘उद्यमी आमा’ कार्यक्रम र विदेशबाट फर्किएका युवाहरूको सीपलाई उपयोग गर्न ‘जन्मभूमि समुन्नतिः श्रमदेखि उद्यमसम्म’ को विशेष अभियान चलाउने नीति कांग्रेसले तय गरेको छ।

स्थानीय तहहरूमा बढ्दो बेरूजु र अनुशासनहीनताप्रति आत्मालोचित हुँदै कांग्रेसले आफ्ना जनप्रतिनिधिहरूलाई वित्तीय अनुशासनमा बाँध्ने संकल्प गरेको छ।

अबदेखि कांग्रेसले नेतृत्व गरेका स्थानीय तहहरूमा योजना बैंक मार्फत मात्र बजेट विनियोजन हुने भन्दै संकल्प पत्रमा भनिएको छ- ‘निर्दिष्ट योजना र विनियोजित स्रोत सीमा बाहिर गई अपारदर्शी वा अनुत्तरदायी रूपमा हचुवाका भरमा कुनै पनि निर्णय वा काम गरिने छैन। अनुत्पादक क्षेत्रमा लगानी नगर्ने कुरामा दृढ रहँदै शून्य बेरूजु स्थानीय तहु निर्माणका लागि विशेष अग्रसरता लिइनेछ।’

सबै स्थानीय सरकारले असार १० भित्रै अनिवार्य रूपमा बजेट पेश गर्ने र योजना तर्जुमाका सातै चरण कडाइका साथ पालना गर्ने प्रतिबद्धतासमेत जनाइएको छ।

कोशी प्रदेशको आर्थिक समृद्धिका लागि कांग्रेसले विराटनगर-इटहरी औद्योगिक कोरिडोरलाई विशेष आर्थिक क्षेत्रका रूपमा पूर्ण क्षमतामा सञ्चालन गर्न पहल गर्ने बताएको छ।

कृषि क्षेत्रमा रैथाने उत्पादनलाई बढावा दिन अलैंची, चिया, अदुवा, एभोकाडो, कागती र स्याउ जस्ता नगदे बालीका लागि एकीकृत कृषि जोन स्थापना गर्ने र किसानको उत्पादन बजारसम्म पुऱ्याउन कृषि एम्बुलेन्स सञ्चालन गर्ने योजना अघि सारिएको छ।

पर्यटनतर्फ वराहक्षेत्र, पाथीभरा र हलेसी धामलाई जोडेर आध्यात्मिक पर्यटन पथको विकास गर्ने र कोशी नदीमा आन्तरिक जलमार्ग सञ्चालनको अध्ययन गरी पारवहनसँग जोड्ने संकल्प प्रस्तावमा उल्लेख छ।

रणनीतिक महत्त्वको कोशी राजमार्ग जोगबनी-किमाथाङ्कालाई तीव्र गतिमा सम्पन्न गर्न र विराटनगर विमानस्थललाई क्षेत्रीय स्तरको अन्तर्राष्ट्रिय विमानस्थलका रूपमा स्तरोन्नति गर्न संघीय सरकारसँग लबिइङ गर्ने कांग्रेसको योजना छ।

पार्टी र सरकारबीचको दूरी कम गर्न पार्टी-सरकार समन्वय संयन्त्र तत्काल गठन गरी हरेक महिना नियमित संवाद गर्ने परिपाटी बसाल्ने संकल्प पनि कांग्रेसले गरेको छ।

कांग्रेसले परिकल्पना गरेको समुन्नत नेपालको मुख्य आधार नै गाउँ र नगरको समुन्नति भएको भन्दै कांग्रेसले यो संकल्पमार्फत आफ्ना जनप्रतिनिधिहरूलाई नागरिकमैत्री, सुशासनयुक्त र परिणाममुखी बन्न निर्देशन समेत दिएको जनाइएको छ।

# जङ्गी अड्डामा पूर्वरथीहरुसँग अन्तरक्रिया

काठमाण्डु। जङ्गी अड्डामा अवकाश प्राप्त रथीहरुसँग अन्तरक्रिया एवं भेटघाट कार्यक्रम सम्पन्न भएको छ।

शुक्रबार सम्पन्न अन्तरक्रियामा नेपाली सेनाले स्थापनाकालदेखि बहन गरिरहेको जिम्मेवारी तथा महत्वपूर्ण कार्यहरू तथा कल्याणकारी गतिविधिको सम्बन्धमा समीक्षा गर्दै राष्ट्रिय सुरक्षासँग सम्बद्ध समसामयिक विषयहरूमा छलफल भएको नेपाली सेनाले जानकारी दिएको छ।

त्यस अवसरमा प्रधान सेनापति अशोकराज सिग्देलले नेपाली सेनाको समयसापेक्ष आधुनिकीकरण तथा क्षमता विकासका लागि राष्ट्र र



संस्थाप्रति समर्पित अग्रज नेतृत्वबाट निरन्तर प्रेरणा प्राप्त भएकामा उक्त अमूल्य योगदानप्रति उच्च सम्मान व्यक्त गरेका थिए।

यस प्रकारको कार्यक्रमबाट सेवारत र अवकाशप्राप्त सैनिकहरूबीच निरन्तर सम्बन्ध कायम हुनुको साथै प्राप्त राय सुझावले राष्ट्रिय दायित्वलाई आत्मसात् गरी समग्रमा राष्ट्रिय हितको संरक्षणमा सहयोगीसिद्ध हुने विश्वास लिइएको नेपाली सेनाले विज्ञप्तिमार्फत जनाएको छ। रासस

# ‘गाभी’को उच्चस्तरीय टोलीसँग स्वास्थ्यमन्त्री मेहताको छलफल




काठमाण्डु । स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले नेपालमा खोपको प्रभावकारी उपलब्धताका बारेमा ‘खोपका लागि ग्लोबल एलायन्स’ (गाभी)का उच्चस्तरिय टोलीसँग छलफल गर्नुभएको छ।

स्विट्जरल्यान्ड जेनेभामा विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)को ७९औं विश्व स्वास्थ्यसभामा भाग लिनेक्रममा गाभीका उच्चस्तरीय टोलीसँगको छलफलमा उहाँले सङ्क्रमणकालमा खोप कार्यक्रमलाई प्रभावित हुन नदिन गाभीसँगको निरन्तर सहयोग अपरिहार्य रहेको बताउनुभएको छ।

उहाँले नेपालको सार्वजनिक स्वास्थ्य खर्च अझै पनि कुल गार्हस्थ्य उत्पादनको करिब पाँच प्रतिशतको हाराहारीमा मात्र सीमित रहेको अवस्थामा गाभीसँगको निरन्तर सहयोग र घनिष्ठ समन्वय अपरिहार्य रहेको बताउनुभएको मन्त्रालयका सहप्रवक्ता डा समीर कुमार अधिकारीले बताउनुभयो।

मन्त्री मेहताले स्वास्थ्य क्षेत्रको स्तरोन्नतिसँगै अन्तरराष्ट्रिय अनुदानको ढाँचा परिवर्तन हुने र खोप खरिदमा नेपालले आफ्नै आन्तरिक लगानी क्रमशः बढाउँदै लगेर अन्ततः आफैँ सक्षम हुनुपर्ने अवस्था रहेको बताउनुभयो।

छलफलमा पारस्परिक सहकार्यलाई निरन्तरता दिने र सङ्क्रमणकालीन वित्तीय व्यवस्थापनलाई अवरोध नहुने विषयमा सहमति भएको मन्त्रालयका सहप्रवक्ता डा अधिकारीले जानकारी दिनुभयो। बैठकले नेपालको राष्ट्रिय स्वास्थ्य प्रणालीलाई थप मजबुत बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने मन्त्री मेहताले बताउनुभएको उहाँले जानकारी दिनुभयो।

आर्थिक स्तरोन्नतिको समयमा पनि जीवनरक्षक स्वास्थ्य सेवामा सबै नागरिकको समतामूलक पहुँच सुनिश्चित गर्न र दुई दशकभन्दा लामो नेपाल र गाभीबीचको साझेदारीलाई अझ विस्तार गर्न छलफलमा दुवै पक्ष प्रतिबद्ध देखिएको थियो।

दुई पक्षको सहकार्यले समग्र नेपाली जनताको स्वास्थ्य र भलाइमा दीर्घकालीन योगदान पुऱ्याउने सुनिश्चित गरेको मन्त्री मेहताले उल्लेख गर्नुभएको मन्त्रालयका सहप्रवक्ता डा अधिकारीले बताउनुभयो।

गाभीले सन् २००० यता नेपालको राष्ट्रिय खोप कार्यक्रमको एक प्रमुख साझेदार रहँदै आएको छ। सन् २०२५ मा नेपालले हासिल गरेको ‘रुबेला निवारण’ लगायत एचपिभी र अन्य जीवनरक्षक खोपको सफल विस्तारमा गाभीको महत्त्वपूर्ण प्राविधिक तथा वित्तीय भूमिका रहेको मन्त्री मेहताले उल्लेख गर्नुभएको छ। “आगामी सन् २०२६ नोभेम्बरमा नेपाल अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुने सङ्घारमा रहेको परिप्रेक्ष्यमा यो वार्ताले विशेष रणनीतिक महत्व राख्दछ,” मन्त्री मेहताले भन्नुभएको छ।

यही जेठ ३ गते सभामा सहभागी हुन जानुभएका मन्त्री मेहताले विभिन्न देशबाट आएका आफ्ना समकक्षी, दातृ निकायका प्रमुखसँग ‘साइडलाइन’ वार्ता गरिरहनुभएको छ। रासस

# सरकारको कामले जनतामा आशा जागिसक्यो : सञ्चारमन्त्री डा तिमिल्सिना

त्रिशूली। सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले सरकार गठन भएको छोटो अवधिमा गरिएको नवीनतम कार्यबाट जनतामा आशा जगाएको बताउनुभएको छ। राष्ट्रिय स्वतन्त्र पाटी (रास्वपा) लिखु गाउँपालिकाको प्रथम अधिवेशनलाई आज लिखु-६ छहरेमा सम्बोधन गर्दै मन्त्री डा तिमिल्सिनाले देश र जनतालाई हितमा राखेर सरकारले गरेका कार्यबाट सरकारी सेवा र सामाजिक न्यायको क्षेत्रमा भएका सुधारले सकारात्मक प्रभाव पैदा हुँदै आएको बताउनुभयो।

“जनताको अभिमतबाट काम गर्न प्राप्त जिम्मेवारीमा अहिलेको सरकारले इमान्दार भएर जनतालाई केन्द्रमा राखेर योजनाबद्ध रुपमा काम गर्दै आएको छ,” उहाँले भन्नुभयो, “पाँच वर्षका लागि काम गर्न प्राप्त जिम्मेवारीमा सरकारले एक सय दिन, छ महिना, एक वर्ष हुँदै पाँच वर्षमा के-के गर्ने भनेर लक्ष्य लिएको छ। सोही लक्ष्य पूरा गर्दै अघि बढ्ने भएकाले पाँच वर्षमा जनताले महसुस गर्ने गरेर मुलुकमा परिवर्तन हुनेछ।”

सञ्चारमन्त्री डा तिमिल्सिनाले विगतका दिनमा राजनीतिले राज्यका निकाय र सार्वजनिक सेवा प्रवाहलाई बिचौलियाले नियन्त्रणमा लिएर जनतामाथि गरिएका अन्यायलाई उन्मुक्ति दिलाउन सरकार प्रतिबद्ध रहेको स्पष्ट पार्नुभयो। सरकार गठन भएको छोटो अवधिमै भएका कामकारबाहीबाट सामान्य नागरिकले समेत राहत पाउने गरेर सुधार गरिएको उहाँको भनाइ छ।

“देशको विकास र परिवर्तनका लागि अहिलेका जनता निकै सचेत रहेका छन्। जनताको चाहना र भावनाअनुसार सकारात्मक परिवर्तन गर्न सरकारले काम गरिरहेको छ। सरकारका लागि देश र जनताभन्दा कुनै अर्को ठूलो प्राथमिकता छैन,” मन्त्री तिमिल्सिनाले भन्नुभयो। देशमा विगतदेखिका विभिन्न समस्या र युवा वर्गको नैराश्यता अन्त्य गर्दै जनताको मुहारमा खुसी ल्याउन दिनरात नभनी सरकारले काम गरिरहेकाले परिवर्तन



> “पाँच वर्षका लागि काम गर्न प्राप्त जिम्मेवारीमा सरकारले एक सय दिन, छ महिना, एक वर्ष हुँदै पाँच वर्षमा के-के गर्ने भनेर लक्ष्य लिएको छ। सोही लक्ष्य पूरा गर्दै अघि बढ्ने भएकाले पाँच वर्षमा जनताले महसुस गर्ने गरेर मुलुकमा परिवर्तन हुनेछ।”

हुनेछ भन्नेमा आशावादी हुन उहाँले आग्रह गर्नुभयो।

सञ्चार मन्त्रालयअन्तर्गतका नेपाल टेलिकम, हुलाकलगायत नवीनतम काम गर्दै जनतालाई राहत दिन आफूले योजनाबद्ध रूपमा काम गर्दै आएको उहाँले जानकारी दिनुभयो। अगामी पाँच वर्षमा रचनात्मक काम गरेर जनतालाई परिवर्तनको महसुस गराई जनताको मुहारमा खुसी ल्याउन अहिलेको सरकार सफल हुने उहाँले विश्वास दिलाउनुभयो।

सूचना तथा सञ्चारमन्त्री डा तिमिल्सिनाले आगामी आर्थिक वर्षका लागि तयार भइरहेको बजेटमा नवीन योजना र जनतालाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रमसहितको समावेश गर्न लागिएको बताउनुभयो।

विगतका वर्षका बजेटमा राजनीति र शक्तिको पहुँच हाबी हुने गरेकाले आगामी वर्षको बजेटमा सामाजिक न्याय, जनताको माग र सरकारको लक्ष्यअनुरूप देश विकासको मुहार झल्कने ‘नयाँ भिजन’को हुने उहाँले उल्लेख गर्नुभयो। योजनाका लागि राजनीतिक दल, नेता, सांसद र मन्त्रीको ढोका चहानुपर्ने बाध्यता अन्त्य गर्दै पछि परेका वर्ग, समुदाय र भूगोलको प्रतिनिधित्वसहितको बजेट सरकारले तयार गरिरहेको उहाँले जानकारी दिनुभयो।

सूचना तथा सञ्चारमन्त्री डा तिमिल्सिनाले जनतालाई केन्द्रमा राखेर राजनीतिक गर्न पार्टीपङ्क्तिलाई सुझाव दिनुभयो। नयाँ नेतृत्व चयनका लागि सौहार्द्रपूर्ण वातावरणमा निर्णय गर्न सुझाव दिँदै उहाँले अहिलेको राजनीतिक नयाँ मोडमा रहेकाले सोहीअनुसार अघि बढ्न सचेत गराउनुभयो। “देशमा लामो समयदेखि राजनीतिलाई कमाउने भाँडो, आफ्ना मान्छेलाई जागिरमा लगाउने माध्यम र पहुँचमा भएका व्यक्तिको चाहनाअनुसार प्रयोगमा ल्याइयो,” उहाँले भन्नुभयो, “रास्वपाको राजनीति जनताको सेवा गर्ने माध्यम हो। जिम्मेवारीमा पुग्ने एउटा साधन हो, साध्यका रुपमा लिनु हुँदैन।”

देश र जनतालाई निश्चित ठाउँमा पुऱ्याउने औजारका रूपमा राजनीतिलाई रास्वपाले लिएको उल्लेख गर्दै उहाँले पार्टीमा जोडिने र जिम्मेवारीमा रहने व्यक्तिले जनताको सेवालाई केन्द्रमा राखेर काम गर्नुपर्ने स्मरण गराउनुभयो। मन्त्री तिमिल्सिनाले पदलाई प्राप्तिका रूपमा नलिई राजनीतिक जिम्मेवारीका रुपमा लिएर सङ्गठनलाई अघि बढाउन, विगतका बिग्रँदो राजनीतिलाई सुधार गर्न र आगामी स्थानीय तहको चुनावको तयारीमा ध्यान दिन अनुरोध गर्नुभयो।


पार्टीका विभिन्न तहमा अहिले भइरहेका निर्वाचनमा पदको प्राप्तिभन्दा देश निर्माणमा आफ्नो जिम्मेवारीका रूपमा लिएर सौहार्द्रपूर्ण वातावरणमा नयाँ नेतृत्व चयन गर्न उहाँले सुझाव दिनुभयो। रासस

# नेतृत्व परिवर्तनको एजेन्डा प्रवेश गराउन खोज्दा अनेरास्ववियु केन्द्रीय कमिटी बैठकमा विवाद

**टुडे समाचारदाता**

काठमाण्डु। नेकपा एमालेको भ्रातृ संगठन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन(अनेरास्ववियु) केन्द्रीय कमिटी बैठकमा विवाद भएको छ। अनेरास्ववियुको कीर्तिपुरमा सुरु भएको केन्द्रीय कमिटी बैठकमा नेतृत्व परिवर्तनको विषयलाई एजेन्डाका रूपमा प्रवेश गराउन खोजिएपछि केही समय तनावग्रस्त बनेको छ।

करिब एक वर्षपछि बसेको बैठक हालको राजनीतिक अवस्थाको समीक्षा र आगामी



कार्यदिशा निर्माण गर्ने उद्देश्यसहित शुरु गरिएको थियो।

बैठक पहिलोपटक प्रमुख अतिथि बिना नै सुरु गरिएको बताइएको छ। बैठकमा अध्यक्ष दिपक धामीले प्रस्तुत गरेको एजेन्डामाथि छलफल भइरहेका बेला संगठनका केन्द्रीय उपमहासचिव कमल जोशीले थप एजेन्डा समावेश गर्न माग गरेका थिए।

उनले 'यदि अनेरास्ववियु एमालेको जनसंगठनका रूपमा रहने हो भने पार्टी नेतृत्व परिवर्तनको माग संगठनले उठाउनुपर्छ’ भन्दै पार्टी पुनर्गठन र नेतृत्व परिवर्तनसम्बन्धी प्रस्ताव बैठकको एजेन्डामा समावेश गर्नुपर्ने धारणा राखेका थिए। जोशीले वर्तमान अवस्थामा पार्टी र विद्यार्थी आन्दोलन कमजोर बन्दै जानुको मुख्य जिम्मेवार पार्टी नेतृत्व रहेको उल्लेख गर्दै पार्टी तथा विद्यार्थी संगठनलाई जीवन्त राख्न मुहान सफा गर्नुपर्ने र नेतृत्व परिवर्तन आवश्यक रहेको बताएका थिए। तर, उक्त प्रस्तावलाई औपचारिक एजेन्डाका रूपमा समावेश नगरिएपछि बैठकमा केही समय खैलाबैला भएको थियो। त्यसपछि केही समय बैठक स्थगित समेत गरिएको थियो।

# विद्याले मदनलाई सम्झिन्

**टुडे समाचारदाता**

काठमाण्डु । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले जननेता मदन भण्डारीलाई सम्झेकी छन्।

उनले सामान्य राजनीतिक नेता मात्रै नभई विचार निर्माण गर्ने नेताको रूपमा स्मरण गरिन्। काठमााण्डुमा शनिबार भएको ‘मिडियामा मदन भण्डारी’ पुस्तक विमर्श तथा युवा बहस कार्यक्रममा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले आफ्ना दिवङ्गत पति भण्डारीको प्रशंसा गरिन्।

उनले मदन राजनीतिक आन्दोलनलाई सुदृढ सैद्धान्तिक आधार प्रदान गर्ने चिन्तक, विचारक र जनताको आकाङ्क्षालाई राजनैतिक कार्यक्रमसँग जोड्ने कुशल नेतृत्वकर्ता पनि भएको चर्चा गरिन्।

सञ्चारको शक्ति, जनमतको महत्त्व तथा विचारको प्रभावलाई गहिरोसँग बुझ्ने मिडियामैत्री सुपरिचित राजनीतिज्ञका रूपमा मदनलाई चित्रण गर्दै उनले मदनले त्यति बेला पत्रकारसङ गरेका संवादहरू आज पनि





सान्दर्भिक रहेको उल्लेख गरिन्।

लोकतन्त्रप्रतिको आस्था, राजनीतिक नैतिकता, सुशासन, सामाजिक न्याय तथा राष्ट्रिय एकताका प्रश्नहरू अहिले पनि राष्ट्रिय बहसका प्रमुख विषय रहेको उल्लेख गर्दै पूर्वराष्ट्रपति भण्डारीले मदनका विचारहरूको गम्भीर अध्ययन र समयानुकूल प्रयोग गर्न आवश्यक रहेको बताइन्।

‘जननेता मदन भण्डारीका विचारहरूको गम्भीर अध्ययन, व्यापक बहस तथा समयानुकूल तिनको थप विकास र प्रयोग गर्नु पनि युवा पुस्ताको महत्वपूर्ण दायित्व हुन आउँछ।’, उनले भनिन्।

# क्यालिफोर्नियामा रासायनिक ट्याङ्की चुहावटका कारण हजारौँ विस्तापित



रासस/एएफपी । अमेरिकाको क्यालीफेर्नियामा एउटा रासायनिक ट्याङ्की चुहावट हुन थाले पछि दशौं हजार मानिसहरूलाई आफ्नो घर छोड्न आदेश दिइएको जनाइएको छ ।

ट्याङ्कीमा २६ हजार लिटर मिथाइल मेथाक्रिलेट जनाइएको छ। जुन प्लास्टिक बनाउन प्रयोग हुने अस्थिर र ज्वलनशील तरल पदार्थ हो । अग्निन नियन्त्रकहरूले स्थिति गम्भीर रहेको चेतावनी दिएका थिए।

ट्याङ्कीमा निरन्तर चुवावट भएमा त्यस क्षेत्रको पार्किङ स्थलमा उक्त खराब रसायनहरू छरिने वा उड्ने सम्भावना रहेको हुँदा यसले वरपरका ईन्धन वा रसायनहरू भएका ट्याङ्कीहरूलाई असर गर्ने जनाइएको छ । लस एन्जलसको दक्षिणपूर्वमा रहेको ओरेन्ज काउन्टीको गार्डेन ग्रोभ क्षेत्रमा यो घटना भएको हो।

गार्डेन ग्रोभ प्रहरी प्रमुख अमिर एल-फर्राले निकासी आदेश जारी गरी करिब ४० हजार मानिस प्रभावित भएको र हजारौंले आफ्नो घर छोड्न अस्वीकार गरेको बताउनु भएको छ।

स्थानीय टिभीले खिचेको हवाई फुटेजमा ट्याङ्कीमा पानी छर्किरहेको देखाइएको छ । भने ट्याङ्की चिसो पार्ने प्रयास सफल भएको बताइएको छ।

हाल ६१ डिग्रीको तापक्रममा झरेको छ भने ५० डिग्रीमा झरे पछि यसको अवस्था सहज भएको मानिने छ त्यसैले हाल सम्मका प्रयासहरू सफल भइरहेको जनाइएको छ । स्वास्थ्य अधिकारी रेजिना चिन्सियो क्वाङले ट्याङ्की वरपरको प्रभावित क्षेत्रमा आवश्यक सावधानी अपनाइ रहेको बताउनु भएको छ। उहाँले विस्पोट र गन्ध थाहा पाउने जो कोहीलाई पनि सम्बन्धित अधिकारीहरूलाई सचेत गराउन अपील गर्नु भएको छ।

शुक्रबार सम्म कोहि प्रभावित तथगा घाइते भएको रिपोर्ट गरिएको छैन भने चुहावटको कारण पनि अनुमान गर्न नसकिएको जानाइएको छ।

रासायनिक फैलावटको लागि आवाश्यक पूर्व तयारी गरिरहेको बताइएको छ। हावा र समुद्रमा समाहित हुने नदीहरूमा पुग्नबाट कुनै पनि छरिएको सामग्रीलाई रोक्न रोकथाम अवरोधहरू कायम राख्ने काम गरिरहेको अधिकारीहरुले जनाएका छन्।

अमेरिकी वातावरणीय संरक्षण एजेन्सीले मिथाइल मेथाक्रिलेटले मानिसमा छाला, आँखा र झिल्लीमा जलन गरिरहेको बताएको छ। यसले मानिसहरुमा अल्पकालीन र दीर्घकालीन प्रभाव पछि श्वासप्रश्वासका प्रभावहरू रिपोर्ट गरिएको छ।

# हारका बाबजुद आरसिबी शीर्ष स्थानमा

**टुडे समाचारदाता**



एजेन्सी । सनराइजर्स हैदराबादले रोयल च्यालेन्जर्स बेङ्गलुरु (आरसिबी) माथि ५५ रनको शानदार जित निकाले पनि इन्डियन प्रिमियर लिग (आइपिएल) को शीर्ष २ मा पर्न असफल भएको छ।

हारका बाबजुद आरसिबी शीर्ष स्थान र गुजरात टाइटन्स दोस्रो स्थानमा रहेको छ। शीर्ष ३ टोलीले समान १८ अंक भएपनि रन रेटमा हैदराबाद तेस्रो स्थानमा रहेको छ।

हैदराबादमा शुक्रबार राति भएको आइपिएल २०२६ को ६७औं खेलमा २ सय ५६ रनको विशाल लक्ष्य पछ्याएको आरसिबीले २० ओभरमा ४ विकेट गुमाएर २ सय रन मात्रै बनाउन सकेको थियो।

हैदराबादले पहिले ब्याटिङ गर्दै ४ विकेटको क्षतिमा २सय ५५ रनको विशाल स्कोर बनाएको थियो। टोलीका लागि इशान किशनले ४६ बलमा ७९ रन बनाए भने अभिषेक शर्माले २२ बलमै ५६ रनको विस्फोटक इनिङ खेले।

हेनरिक क्लासेनले पनि ५१ रन थपे। अन्तिमतिर नितिश कुमार रेड्डीले १२ बलमा अविजित २९ रन बनाएपछि हैदराबाद २ सय ५० रन पार गर्न सफल भएको थियो।

आरसिबीका लागि रसिख सलामले २ विकेट लिए पनि अनुभवी बलर भुवनेश्वर कुमार र जोश हेजलवुड महँगा सावित भए। हेजलवुडले ५५ रन खर्चिए भने भुवनेश्वरले ५१ रन दिएर विकेट लिन सकेनन्।

विशाल लक्ष्य पछ्याएको आरसिबीले आक्रामक सुरुआत गरेको थियो। नयाँ ओपनर वेङ्कटेश अय्यरले १९ बलमा ४४ रन बनाए। कप्तान रजत पाटीदारले ३९ बलमा ५६ रनको अर्धशतक प्रहार गरे।

क्रुनाल पाण्ड्याले ३१ बलमा अविजित ४१ रन जोडे । यद्यपि टोलीलाई जितसम्म पुर्‍याउन त्यो पर्याप्त भएन। विराट कोहली भने यस खेलमा खास प्रभाव छोड्न सकेनन्। उनले १५ रन मात्रै बनाए। देवदत्त पडिक्कलले २१ रन थपे।

आरसिबी उत्कृष्ट नेट रनरेटका आधारमा शीर्ष स्थानमा रहँदै क्वालिफायर १ मा पुगेको छ। गुजरात टाइटन्स दोस्रो स्थानमा रह्यो।

अभिषेक शर्मा, हेनरिक क्लासेन र इशान किशनको आक्रामक ब्याटिङ एसआरएचको जितको मुख्य आधार बन्यो । क्लासेनले यस सिजन आफ्नो छैटौं अर्धशतक बनाउने क्रममा टि ट्वान्टी मा नम्बर ४ वा त्यसभन्दा तल ब्याटिङ गर्दै ६ सय रन पूरा गर्ने पहिलो खेलाडीको कीर्तिमान समेत बनाए।

# इबोला सङ्क्रमित मुलुकबाट अमेरिका प्रवेशमा कडाइ

रासस/एएफपी । अमेरिकी रोग नियन्त्रण तथा रोकथाम केन्द्र (सीडीसी ) ले कानुनी मान्यता प्राप्त स्थायी बासिन्दाहरू ( ग्रीन कार्ड धारकहरू ) लगायतका अमेरिका प्रवेश गर्ने मानिसहरुलाई पूर्वी र मध्य अफ्रिकामा चलिरहेको इबोला प्रकोपका कारण अस्थायी प्रवेशमा कडाइ हुने जनाएको छ।

विस्तारित प्रतिबन्ध अन्तरगत अमेरिकी मावन स्वास्थ्य विभागद्वारा जारी गरिएको अन्तरिम नियमको पालना गर्दछ जसले संयुक्त राज्य इबोला प्रकोपसँग सम्बन्धित प्रवेश प्रतिबन्धहरूको दायरा विस्तार गरेको हो। सोमबार, सीडीसीले सार्वजनिक स्वास्थ्य संरक्षणार्थ ३०-दिनको प्रतिवन्द प्याकेजको अनावरण गरेको थियो जसमा यात्री स्क्रिनि र अनुगमनलाई सुदृढ पार्दै, केही गैर अमेरिकीहरुलाई अमेरिका प्रवेशमा प्रतिबन्धहरू लगाएको थियो।

नयाँ नियमले स्थायी रूपमा अमेरिका बसोबास गर्ने कार्ड भएकाहरुलाईसमेत अमेरिका फर्कन पूर्ण रुपमा निषेध गरेको जनाइएको



अमेरिकामा खतरनाक सङ्क्रामक रोगहरूको विस्तार रोक्न संघीय सार्वजनिक स्वास्थ्य निर्देशनहरू संशोधनसमेत गरेको छ।

नयाँ नियम अन्तरगत, विगत २१ दिन भित्रको समयमा कङ्गो, युगान्डा, वा दक्षिण सुडानमा रहेका मानिसहरूलाई अस्थायी रूपमा संयुक्त राज्य अमेरिकामा प्रवेश गर्न प्रतिबन्ध लगाइने छ।

एजेन्सीका अनुसार हाल यस हप्ताको सुरुमा घोषणा गरिएको छ। सार्वजनिक स्वास्थ्यको रक्षा गर्न र आपतकालीन प्रतिक्रिया स्रोतहरू व्यवस्थापन गर्न आवश्यक उल्लेख गर्दै अस्थायी रूपमा प्रवेश प्रतिबन्ध गर्ने अधिकार एजेन्सीलाई प्रदान गरेको जनाइएको छ।

सीडीसीका अनुसार संयुक्त राज्य अमेरिकामा हाल सम्म इबोला प्रकोपसँग सम्बन्धित कुनै घटनाहरू रिपोर्ट गरिएको छैन, भने आम जनताका लागि तत्काल जोखिम कम रहेको जनाइएको छ।

# मध्यपूर्व युद्धबीच पनि हज यात्रीको संख्यामा वृद्धि



रासस/एएफपी । अमेरिका-इजरायलले फेब्रुअरी २८ मा इरानमाथि हवाई आक्रमण गरेपछि मध्यपूर्वमा जारी तनावबचि यो बर्ष हज यात्रामा आउने इस्लाम धर्मावलम्बीहरूको संख्या गत बर्षको तुलनामा बढी देखिएको छ।

साउदी अधिकारीका अनुसार आगामी हजका लागि साउदी अरब बाहिरबाट १५ लाखभन्दा बढी तीर्थयात्रीहरू यहाँ आइपुगेका छन्।

फेब्रुअरीको अन्त्यमा इरानमा अमेरिका र इजरायलले गरेको आक्रमणबाट शुरु भएको द्वन्द्वपछि तेहरानले साउदी अरब र खाडी क्षेत्रका लक्ष्यहरूमा आक्रमणको आदेश दिएको थियो । आक्रमणका कारण व्यापक हवाई यातायात अवरोधलाई निम्त्याएको थियो र यात्रा लागत बढेको थियो।

संयुक्त अरब इमिरेट्स (युएई), कतार र बहराइनका प्रमुख खाडी विमानस्थलहरूले हप्तौँको हवाई क्षेत्र बन्द र उडान रद्द भएपछि उनीहरूको परिचालन क्षमतालाई द्रुत रूपमा पुनर्स्थापना गर्न काम गरेका छन्।

जटिलताका बाबजुद यस वर्षको हजमा सहभागी हुन साउदी अरबमा तीर्थयात्रीहरूको ओइरो लाग्ने क्रम जारी छ।

साउदी अरबको हज पासपोर्ट बलका कमान्डर सालेह अल-मुरब्बाले शुक्रबार राति आयोजित पत्रकार सम्मेलनमा भन्नुभयो, "विदेशबाट आउने तीर्थयात्रीको सङ्ख्या एक लाख १८ हजार १५३ पुगेको छ।सोमबार हज सुरुहुने औपचारिक अनुष्ठानअघि विदेशबाट तीर्थयात्रीहरू आउने क्रम जारी रहेकाले आगामी दुई दिनमा यो तथ्यांक अझ बढ्ने अपेक्षा गरिएको छ।

गत वर्ष हजमा आउने तीर्थयात्रीहरूको कुल संख्या १६ लाख ७३ हजार ३२० पुगेको थियो, जसमा साउदी अरब बाहिरबाट १५ लाख छ हजार ५७६ यात्रु रहेका थिए।

सबै मुस्लिमहरूले इस्लामका पाँच खम्बाहरू मध्ये एक हजको यात्रा कम्तीमा एक पटक साधनाका साथ गर्नुपर्ने धार्मिक विश्वासका कारण बर्षेनी हज यात्रा गर्ने इस्लाम धर्मावलम्बीहरूको संख्यामा वृद्धि हुने गरेको पाइन्छ।

# भद्रपुर झापा गोल्डकपको अध्यक्षमा ढकाल

**टुडे समाचारदाता**

झापा । भद्रपुर झापा गोल्डकपको अध्यक्षमा पुनः दिपेश ढकाल निर्वाचित भएका छन् । भद्रपुरमा शनिबार भएको



निर्वाचनबाट ढकाल दोस्रो कार्यकालका लागि अध्यक्षमा निर्वाचित भएका हुन्।

गोल्डकपको दोस्रो अधिवेशनपछि भएको निर्वाचनबाट वरिष्ठ उपाध्यक्षमा आदित्य पराजुली, उपाध्यक्षमा डिल्लीराम घिमिरे, गौरव सुब्बा, बाबुराम पराजुली र वसन्त बानियाँ निर्वाचित भएका छन्।

महासचिवमा जीवनकुमार श्रेष्ठ, सचिवमा तीर्थराज ढकाल र टहलदास मैनाली, सहसचिवमा योगेन्द्र पौडेल, कोषाध्यक्षमा अजय साहेवाला र सहकोषाध्यक्षमा नितेश बर्मा निर्वाचित भएका छन्।

२७ सदस्यीय गोल्डकपको समिति सदस्यहरुमाअर्जुन राई, भरतचन्द्र गुरुङ, खोमकुमारी दाहाल, शमशेर तामाङ, पूर्णमाया सुब्बा लिम्बु, टेकबहादुर गुरुङ, बिक्की साह, कविन राई, प्रज्ज्वल राई, कुमार श्रेष्ठ, तोयानाथ गड्तौला, रियाज ढकाल, कुमार गिरी र मुकेश मित्रुका निर्वाचित भएका छन्।

यसैबीच, अधिवेशनको उद्घाटन कार्यक्रममा प्रमुख अतिथि भद्रपुर नगरप्रमुख गणेश पोखरेल, कोशी प्रदेशसभाका पूर्वसदस्य वसन्त बानियाँ, प्राध्यापक कृष्ण मैनाली, नेपाल उद्योग वाणिज्य महासंघ कोशीका पूर्वअध्यक्ष टिकराज ढकाल, भद्रपुर-१० का वडा अध्यक्ष टेकबहादुर खड्कालगायतले शुभकामना व्यक्त गरेका थिए।

महासचिव जीवनकुमार खड्काले सञ्चालन गरेको कार्यक्रममा अध्यक्ष ढकालले स्वागत मन्तव्य व्यक्त गरेका थिए।

# चिनको कोइलाखानीमा ग्यास विस्पोट हुँदा आठ जनाको मृत्यु दर्जनौं वेपत्ता



रासस/एएफपी । उत्तरी चिनको एउटा कोइला खानीमा ग्याँस विस्फोट हुँदा कम्तीमा आठ जनाको मृत्यु हुनुका साथै दर्जनौं वेपत्ता भएको जनाइएको छ ।

सिन्ह्वा समाचार एजेन्सीका अनुसार शानक्सी प्रान्तको लिउसेनयु कोइला खानीमा शुक्रबार साँझ ७:२९ बजे विस्फोट भएको थियो।

विस्पोटको समयमा २४७ जना कामदारहरू कोइलाखानीमै फसेको उल्लेख गर्दै ती मध्ये २०१ लाई शनिबार सुरक्षित रूपमा उद्धार गरिएको सिन्ह्वाले जनाएको छ । स्थानीय आपतकालीन व्यवस्थापन अधिकारीहरूलाई उद्धृत गर्दै सिह्न्वाले आठ जनाको मृत्यु भएको पुष्टि गरेको छ भने ३८ जना अझै वेपत्ता रहेकाले उनीहरुको खोजी कार्य जारी रहेको बताएको छ।

राष्ट्रपति सी जिनपिङले घाइतेहरूको उपचार गर्न सम्भावित "सबै प्रयास" गर्न आग्रह गदै घटनाको गहन अनुसन्धान गर्न आह्वान गरेको सिन्ह्वाले जनाएको छ।

उहाँले सबै क्षेत्र र विभागहरूले यो दुर्घटना बाट पाठ सिकेर कार्यस्थलको सुरक्षाको सन्दर्भमा निरन्तर सतर्क रहनु पर्ने र विनाशकारी घटनालाई नियन्त्रण गर्नु पर्ने कुरामा जोड दिनु भएको छ । यस अघि नै सिन्ह्वाले ग्यास-खानीमा कार्बन मोनोअक्साइडको स्तर-एक अत्यधिक विषाक्त स्थरमा पुगेको रिपोर्ट गरेको थियो।

वेपत्ता रहेकाहरुका केहीको अवस्था 'गम्भीर' रहेको अघिल्लो रिपोर्टले जनाएको छ।

पछिल्लो समयमा चिनमा खानीको सुरक्षामा सुधार आएको भएता पनि मनग्य सुरक्षा प्रावधानहरु अवलम्वन गर्न नसकिएकाले अझै पनि बारम्बार दुर्घटनाहरू हने गरेका छन्।

# रूसले कब्जा गरेको युक्रेनी कलेजमा भएको आक्रमणमा परी दश जनाको मृत्यु : गभर्नर

रासस/एएफपी । पूर्वी युक्रेनको रूसी कब्जामा रहेको शहरको एक कलेजमा युक्रेनी हमलामा ज्यान गुमाउनेको संख्या दश जना पुगेको मस्कोका स्थानीय अधिकारीहरूले शनिबार बताएका छन्।

आक्रमणमा ३८ जना घाइते भएको उल्लेख गर्दै ११ जना विद्यार्थीहरू बेपत्ता भएको लुगान्स्क क्षेत्रका गभर्नर लियोनिद पासेचनिकले बताउनुभएको छ।



रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले बिहीबार - शुक्रबार राति सम्म स्टारोबिल्स्कको कलेजको छात्रावासमा ड्रोन प्रहार गरी गरेको आक्रमणको निन्दा गर्दै सेनालाई जवाफी आक्रमणको तयारी गर्न आदेश दिनु भएको छ।

उद्धारकर्ताहरूले निरन्तर उद्धार तथा भग्नावशेष सफा गर्ने काम गरी रहेको पासेनिकले टेलिग्राम मार्फत जनाउनु भएको छ।

युक्रेनले सर्वसाधारणलाई लक्षित गरी आक्रमण गरेको आरोप अस्वीकार गर्दै स्टारोबिल्स्क क्षेत्रमा तैनाथ रूसी ड्रोन युनिटमा आक्रमण गरेको बताएको छ।

रूसको विदेश मन्त्रालयले यस घटनाको बदलामा पुक्रेनले कडा सजाय भोग्नुपर्ने बताएको छ । युक्रेनले देशको रूसी नियन्त्रित क्षेत्रहरूलाई लक्षित गरी आक्रमण गरेर रूसी आक्रमणहरूको प्रतिशोध गरेको बताएको छ।

# अमेरिकी विदेशमन्त्री मार्को रुबियो भारतमा



रासस/एएफपी । अमेरिकी विदेशमन्त्री मार्को रुबियो शनिबार पहिलो पटक भारत भ्रमणमा आउनु भएको छ । चीनसँग भएको शिखर सम्मेलनको एक हप्ता पछि उहाँ भारत आउनु भएको हो।

रुबियोले भारतको कोलकाताबाट आफ्नो चार दिने, भारत भ्रमण सुरु गर्नु भएको छ। जहाँ उहाँले स्वर्गीय मदर टेरेसाको मिसनरीज अफ च्यारिटीको मुख्यालयको भ्रमण गर्ने कार्यक्रम तय भएको जनाइएको छ।

यो कार्यक्रम पछि रुबियो नयाँ दिल्ली जाने र प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेट्ने अमेरिकी विदेश विभागले जनाएको छ।

रुबियोले क्वाडका लागि आएका-अष्ट्रेलिया, भारत, जापान र संयुक्त राज्य अमेरिकाका विदेश मन्त्रीहरूको बैठकमा पनि सहभागी हुने जनाइएको छ।

यसै बीच चीनले भने लामो समय देखि क्वाड माथि शङ्का गर्दै आएको छ।

यस अघि अमेरिकी राष्ट्रपति ट्रम्पले गत हप्ता चीनको राजकीय भ्रमण गर्नु भएको थियो जहाँ उहाँले केहि घोषणा तथा सम्झौताहरु गर्नु भएको थियो भने राष्ट्रपति सी जिनपिङबाट प्राप्त स्वागतको प्रशंसा गर्नु भएको थियो।

भारतसँग घनिष्ठ सम्बन्धको वकालत गरिरहेका रुबियोले पत्रकारहरूसँगको साक्षातकारमा यो भ्रमण आफ्नो जीवनको पहिलो भारत भ्रमण हुने बताउनु भएको छ।

## युक्रेनी ड्रोन आक्रमणले रूसी तेल डिपोमा आगलागी : मेयर

रासस/एएफपी । युक्रेनी ड्रोन आक्रमण पछि दक्षिणी रूसी बन्दरगाह स्थित नोवोरोसिस्कको तेल डिपोमा आगलागी भएको उक्त शहरका मेयरले शनिबार बताउनुभएको छ।

युएभी (मानव रहित हवाई ड्रोन ) को भग्नावशेष तेल डिपोमा खस्दा आगलागी भएको उहाँले जनाउनु भएको छ। उहाँका अनुसार आक्रमणका कारण विभिन्न प्राविधिक तथा प्रशासनिक भवनहरूमा आगलागी भएको थियो भने ड्रोनका टुक्राहरू इन्धन टर्मिनल वरपर पनि खसेका थिए। मेयर आन्द्रे क्राभ्चेन्कोले आक्रमणमा दुई जना घाइते भएको पनि टेलिग्राम मार्फत जनाउनु भएको छ।

नोभोरोसिस्कले रूसको कच्चा तेल ढुवानीको ठुलो भाग ओगट्छ भने कालो सागरमा रूसको सबै भन्दा ठूलो निर्यात केन्द्र हो।

रुसको रक्षा मन्त्रालयले आफ्नो हवाई सुरक्षाले युक्रेनबाट रातारात प्रहार भएका ३४८ वटा ड्रोनहरू रोकेको बताएको छ।

सन् २०२२ मा रूसले युत्रेनमा आक्रमण गरे देखि युक्रेनले प्रतिक्रया स्वरुप रूसी भूभाग-भित्र नियमित रूपमा आक्रमण गर्दै आएको छ।

# चीनसँगको छोटो व्यापारिक नाका ओलाङ्चुङ्गोला पुनःसञ्चालन

फुङ्लिङ । ताप्लेजुङको टिप्ताला नाकामा कर्मचारी व्यवस्थापन भएसँगै पुनः सञ्चालनमा आएको छ । फक्ताङ्लुङ गाउँपालिका-७ का वडाध्यक्ष छेतेन लामाका अनुसार विगतमा ओलाङ्चुङ्गोलाका स्थानीय कार्यालय सहयोगीका भरमा भन्सार कार्यालय सञ्चालन हुँदै आएको थियो ।

कोभिड-१९ को महामारी फैलिन थालेसँगै भन्सार कार्यालय पूर्ण रूपमा बन्द गरिएकामा अहिले कर्मचारी व्यवस्थापन गरी सञ्चालनमा ल्याइएको उहाँले जानकारी दिनुभयो । भन्सार कार्यालय सञ्चालन गर्नका लागि बिहीबार नायब सुब्बा प्रदीप धितालला्ई प्रमुखका रूपमा तोकिएसँगै नाका नियमित सञ्चालनमा आएको उहाँले बताउनुभयो ।

"नेपालको पूर्वी क्षेत्रमा चीनको स्वशासित क्षेत्र तिब्बतसँग जोडिएको सबैभन्दा छोटो व्यापारिक केन्द्र ओलाङ्चुङ्गोला हो । ओलाङ्चुङ् चुगोलाबाट २४ किलोमिटर दूरी पार गरी नेपाल-चीनको सीमा टिप्तालानाका पुग्न सकिन्छ", वडाध्यक्ष लामाले भन्नुभयो ।

करिब ४० वर्षअघि निर्माण गरिएको मूल भन्सार कार्यालयको भवन अहिले जीर्ण अवस्थामा पुगेको स्थानीय जनप्रतिनिधिले बताएका छन् । वडाध्यक्ष लामाले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत नयाँ भवन निर्माण तथा भन्सार कार्यालय सञ्चालनका लागि आवश्यक सामग्री व्यवस्थापन गर्न अर्थमन्त्रालय र भन्सार विभागसँग अनुरोध गरिएको जानकारी दिनुभयो ।

भन्सार कार्यालयमा कर्मचारी पठाउनका लागि जिल्लाका जेनजी अभियन्ताले भन्सार विभागमा पटकपटक ताकेता गरेका थिए । ओलाङ्चुङ्गोला सडक सञ्जालसँग जोडिएपछि अब नियमित रूपमा राजस्व सङ्कलन हुने अपेक्षामा स्थानीय उत्साहित भएका छन् । रासस

# रुग्ण हेटौँडा कपडा उद्योग पुनः सञ्चालनको गृहकार्य भइरहेको छः मन्त्री यादव

बागमती । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले लामो समयदेखि बन्द रहेको हेटौँडा कपडा उद्योग पुनः सञ्चालनको लागि गृहकार्य भइरहेको बताउनुभएको छ ।

हेटौँडास्थित औद्योगिक क्षेत्रको आज निरीक्षण गर्नुहुँदै मन्त्री यादवले रुग्ण हेटौँडा कपडा उद्योग सञ्चालनमा आए मुलुकको आर्थिक विकासमा टेवा पुग्ने भएकाले छिट्टै कपडा उद्योग सञ्चालनको कामलाई तीव्रता दिने बताउनुभयो ।

मुलुकको आर्थिक अवस्थालाई सुदृढ बनाउन र रोजगारीको वातावरण सृजना गर्न सरकारले रुग्ण उद्योग सञ्चालनमा ल्याउने नीति लिएको उल्लेख गर्नुहुँदै मन्त्री यादवले आगामी आर्थिक वर्षको बजेटमा रुग्ण कपडा उद्योग सञ्चालनको लागि बजेट विनियोजन गरिने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो ।

बन्द उद्योगहरु सञ्चालनमा आए रोजगारीको अवसर सृजना हुने उल्लेख गर्दै मन्त्री यादवले कपडा उद्योग सञ्चालनका लागि आवश्यक तयारीमा सरकार जुटेको बताउनुभयो ।

मन्त्री यादवले हेटौँडा औद्योगिक क्षेत्र व्यस्थापन कार्यालयसँगै रुग्ण अवस्थामा रहेको हेटौँडा कपडा उद्योगको निरीक्षण गर्नुभयो । सो



अवसरमा हेटौँडा औद्योगिक क्षेत्र व्यस्थापन कार्यालयका प्रमुख संगिता कुँवरले औद्योगिक क्षेत्रभित्र सञ्चालित उद्योगहरुको अवस्थाबारे मन्त्री यादवलाई जानकारी गराउनुभयो ।

अमेरिकी सरकारको आर्थिक सहयोगमा विसं २०२० मङ्सिर २० गते स्थापना भएको सो औद्योगिक क्षेत्रभित्र हाल १४७ उद्योग तथा प्रतिष्ठान छन् ।

कूल तीन हजार २२८ रोपनी क्षेत्रफलमा फैलिएको सो औद्योगिक क्षेत्रभित्र अहिले खाद्य उद्योग, युनाइटेड ब्रुअरी (पेय पदार्थ), गोर्खा ब्रुअरी कम्पनी, एसियन पेन्ट्स, पशु आहारा दाना उद्योग, कार्टुन उद्योग प्रमुख उद्योगको रुपमा सञ्चालनमा छन् । रासस

# ज्येष्ठ र अपाङ्गता भएका नागरिकलाई विशेष व्यवस्था गर्न केन्द्रीय बैंकको निर्देशन

काठमाण्डु । नेपाल राष्ट्र बैंकले ज्येष्ठ नागरिक, अपाङ्गता भएका नागरिक र साक्षरता नभएका व्यक्तिलाई विशेष प्राथमिकता दिई सहज रूपले बैंकिङ सुविधा उपलब्ध गराउन बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिएको छ । केन्द्रीय बैंकले क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थालाई एकीकृत निर्देशन जारी गर्दै त्यस्ता वर्गका ग्राहकलाई विशेष काउण्टर तोकेर सेवा प्रदान गर्न भनिएको हो ।

इजाजतप्राप्त संस्थाले एकापसमा सहकार्य गरी प्रत्येक स्थानीय तहमा कम्तीमा एक शाखा अपाङ्गमैत्री बनाउनुपर्ने र त्यस प्रकारका शाखाको विवरण आफ्नो वेबसाइटमा राख्नुपर्ने नयाँ व्यवस्था गरिएको छ । बैंक तथा वित्तीय संस्थाले 'एटिएमलाउञ्ज' भएका स्थानमा ब्रेललिपिका सङ्केत तथा ध्वनि सहयोगसहितका कम्तीमा एक अपाङ्गमैत्री एटिएम राख्नुपर्ने नेपाल राष्ट्र बैंकले जनाएको छ ।

यस्तो विवरण पनि आफ्नो वेबसाइटमा सार्वजनिक गर्नुपर्नेछ । अपाङ्गता भएका व्यक्तिले एटिएम, मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङलगायत वित्तीय सेवा व्यक्ति स्वयंले उक्त सेवा उपयोग गर्नसक्ने स्वघोषणा गरेको खण्डमा इजाजतप्राप्त संस्थाले त्यस्तो सेवा उपलब्ध गराउनुपर्नेछ ।

आफ्नो वेबसाइट तथा मोबाइल बैंकिङ एप दृष्टिसम्बन्धी अपाङ्गता भएका व्यक्तिलेसमेत प्रयोग गर्न सकिने गरी विकास गर्नुपर्नेछ । त्यस्तै, क्रेडिट र डेबिट कार्डमा दृष्टिविहीनमैत्री प्रविधिसमेत जडान भएको हुनुपर्ने व्यवस्था गरिएको छ ।

यसैगरी, अतिरिक्त समयमा काममा खटाउँदा प्रचलित व्यवस्थाबमोजिम अतिरिक्त पारिश्रमिक प्रदान गर्ने व्यवस्था मिलाउनुपर्ने एकीकृत निर्देशनमा उल्लेख छ । साथै कार्यालय समयका अतिरिक्त समयमा काम गर्न कर्मचारी बाध्य नहुने र बाध्य पार्न नपाइनेसमेत निर्देशनमा उल्लेख छ । रासस

# किसानलाई नगदेबालीतर्फ आकर्षित गर्दै फाकफोकथुम

इलाम । जिल्लाको फाकफोकथुम गाउँपालिकाले किसानलाई व्यावसायिक नगदेबालीतर्फ आकर्षित गर्न विभिन्न प्रजातिका बिरुवा उत्पादन गरी वितरण गरिरहेको छ । गाउँपालिकाले तीन वर्षअघि अलैंची, कफी, सुन्तला, कागती, खोर्सानी, एभोकाडोलगायत बिरुवाको नर्सरी राखेको थियो । अहिले ती बिरुवा किसानलाई वितरण गर्न थालेको हो ।

फाकफोकथुम-१ स्थित ठिङ्गेपुरमा करिब दुई दशमलव पाँच रोपनी क्षेत्रफलमा चार वटा टनेलमार्फत नर्सरी सञ्चालन गरिएको गाउँपालिका अध्यक्ष दिपेन्द्र खनालले डिभिजन वन कार्यालयसँगको सहकार्यमा नर्सरी सञ्चालन गरिएको उहाँको भनाइ छ ।

अध्यक्ष खनालका अनुसार हाल नर्सरीमा ३५ हजारभन्दा बढी अलैंचीका बिरुवा, ३० हजार खोर्सानीका र करिब नौ हजार कफीका बिरुवा उत्पादन गरिएको छ । सुन्तला, कागती र एभोकाडोका बिरुवासमेत रोप्न तयार अवस्थामा रहेका जनाउँदै उहाँले यस वर्षदेखि किसानलाई बिरुवा वितरण सुरु गरिएको बताउनुभयो ।

परम्परागत खेती प्रणाली घट्दै गएको र उत्पादनभन्दा लागत बढी हुन थालेपछि किसानलाई नगदेबालीतर्फ प्रोत्साहन गर्न कार्यक्रम सञ्चालन गरिएको अध्यक्ष खनालले जानकारी दिनुभयो । "आम्दानी गर्ने



नाममा विदेश जाने प्रवृत्ति रोकी स्वरोजगार बनाउनुपर्छ भनेर हामीले बिरुवा वितरण कार्यक्रम सञ्चालन गरेका हौँ", उहाँले भन्नुभयो, "यसका लागि कफी, अलैंची, एभोकाडोलगायत नगदेबालीमा किसानलाई आकर्षित गरिरहेका छौँ । अबको पाँच वर्षभित्र कफी मुख्य आम्दानीको स्रोत बन्छ भन्ने विश्वास छ ।"

कफीका बिरुवाको माग अत्यधिक रहेको कृषि शाखाका अधिकृत ध्रुव श्रेष्ठले बताउनुभयो । "करिब आठ हजार कफीका बिरुवा तयारी अवस्थामा छन् । एघार हजार बिरुवाको माग परेको छ", उहाँले भन्नुभयो, "अलैंचीका लागि एक लाखभन्दा बढी फाराम परेकामा हाल ३५ हजार बिरुवा मात्र उपलब्ध छन् ।"

गाउँपालिकाले खाडल खन्ने, मल व्यवस्थापन गर्ने तथा व्यावसायिक खेतीको तयारी गरिसकेका किसानलाई प्राथमिकतामा राखेर बिरुवा वितरण गर्ने जनाएको छ । आवश्यकताअनुसार निजी फार्मबाट कफीका बिरुवा खरिद गरेरसमेत किसानलाई उपलब्ध गराइने जनाउँदै अध्यक्ष खनालले अलैंची विकास केन्द्रसँग थप बिरुवाका लागि समन्वय भइरहेको बताउनुभयो ।

'अलैंची पकेट क्षेत्र'का किसानलाई प्राथमिकतामा राखिएको गाउँपालिका उपाध्यक्ष कल्पना राईले बताउनुभयो । वडा नं ४ फुयाँतप्पामा अलैंची ब्लक कार्यक्रम तथा वडा नं ३ मा सुन्तला-कागती पकेट कार्यक्रम सञ्चालन भइरहेको उहाँले जानकारी दिनुभयो ।

कृषि विकास अधिकृत श्रेष्ठका अनुसार कोशी प्रदेश सरकारको शसर्त कार्यक्रमअन्तर्गत तीनवटा कृषि प्रवर्द्धन कार्यक्रम सञ्चालन भइरहेका छन् । वडा नं ३ आमचोकमा सुन्तला प्रवर्द्धन कार्यक्रमअन्तर्गत रु पाँच लाख बजेटमा ६० रोपनी क्षेत्रफलमा करिब एक हजार ८०० सुन्तला तथा कागतीका बिरुवा रोप्ने तयारी गरिएको उहाँले जानकारी दिनुभयो । "कार्यक्रममा किसानको ५० प्रतिशत लागत सहभागिता रहनेछ । उक्त कार्यक्रम आमचोक कृषि सहकारी संस्थामार्फत सञ्चालन भइरहेको छ", उहाँले भन्नुभयो ।

त्यसैगरी वडा नं ४ फुयाँतप्पामा धारापानी कृषि सहकारी संस्थामार्फत अलैंची प्रवर्द्धन कार्यक्रम सञ्चालन भइरहेको कृषि विकास अधिकृत श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार रु १० लाखको बजेट रहेको उक्त कार्यक्रममा किसानको ५० प्रतिशत सहभागितासहित कुल रु २० लाख बराबरको योजना कार्यान्वयन भइरहेको छ । कार्यक्रमअन्तर्गत ७५ हजार अलैंचीका बिरुवा रोप्ने तयारी गरिएको उहाँले उल्लेख गर्नुभयो ।


वडा नं ६ मा तोरी प्रवर्द्धन कार्यक्रमसमेत सञ्चालनमा रहेको श्रेष्ठले बताउनुभयो । रु १० लाख बजेट रहेको कार्यक्रममा किसानको ५० प्रतिशत लागत सहभागिता रहनेछ । आरती कृषि सहकारी संस्थामार्फत सञ्चालन भइरहेको कार्यक्रममा तोरी प्रशोधन मिल स्थापना गर्ने योजना रहेको गाउँपालिकाले जनाएको छ । रासस

# लुम्बिनीमा विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथिको छलफल सकियो

लुम्बिनी । लुम्बिनी प्रदेशसभामा आगामी आर्थिक वर्ष २०८३/८४ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथिको छलफल सकिएको छ । प्रदेशसभाको शनिबार बसेको बैठकमा भाग लिएका सदस्यहरूले कृषि, स्थानीय उत्पादन, उद्यम विकास, बजारीकरण र आत्मनिर्भरतामुखी कार्यक्रमलाई प्राथमिकतामा राखेर बजेट ल्याउन सरकारलाई सुझाव दिनुभएको छ ।

सदस्यहरूले प्रदेश सरकारले ल्याउने बजेट कार्यान्वयन योग्य, परिणाममुखी र नागरिकमा आशा तथा भरोसा जगाउने खालको हुनुपर्ने धारणा राख्नुभएको थियो । युवाहरूलाई लक्षित गरी रोजगारी सिर्जना, सीप विकास र उद्यमशीलता प्रवर्द्धनका कार्यक्रमलाई प्राथमिकता दिनुपर्नेमा समेत उहाँहरूले जोड दिनुभएको छ ।

लुम्बिनी प्रदेशसभा नियमावली, २०७९ को नियम १३५ को



उपनियम (३) बमोजिम लुम्बिनी प्रदेश सरकारको विनियोजन विधेयक, २०८३ का सिद्धान्त र प्राथमिकतामाथि छलफल सञ्चालन गरिएको थियो ।

सभामुख तुलाराम घर्तिमगरले छलफलका लागि तीन घण्टा अर्थात् १८० मिनेटको समय निर्धारण गर्नुभएको थियो । विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथिको छलफलमा प्रदेशसभा सदस्यहरू दीपेन्द्रकुमार पुन, यमुना रोका तामाङ, तुल्सीराम शर्मा, कृष्णा कुश्मा थारू, रेखा शर्मा, धनबहादुर केसी, इन्द्राकुमारी गहतराज, नवराज लामिछाने, राजकुमार चौधरी र तुलसीप्रसाद चौधरीले सहभागिता जनाउनुभएको थियो ।

बैठकको प्रारम्भमा शून्य समयमा सदस्यहरूले विभिन्न समसामयिक विषयमा आफ्ना धारणा राख्नुभएको थियो । शून्य समयमा प्रदेशसभा सदस्य राजुप्रसाद श्रेष्ठ, तारा थापा, मालती सोडारी, भगवती अधिकारी, वसन्ती न्यौपाने, नरमाया ढकाल, सुशीला बादी र मीनाकुमारी श्रेष्ठले बोल्नुभएको थियो । रासस

# जुम्लामा स्वास्थ्य बीमा नवीकरण गर्नेको संख्या घट्यो

जुम्ला । स्वास्थ्य बीमा नवीकरण गर्नेको संख्या पछिल्लो समयमा घट्दै क्रममा रहेको छ । जिल्लास्थित स्वास्थ्य बीमा बोर्ड सम्पर्क कार्यालयका दर्ता अधिकारी तीर्थराज जोशीका अनुसार यहाँका करिब एक लाख तीन हजार जना नागरिक स्वास्थ्य बीमामा आबद्ध भएका छन् ।



सक्रिय बीमा संख्या ४४ हजार ४७९ जना रहेका छन् । करिब ५६ हजारले बीमाको नवीकरण नगरेको स्वास्थ्य बीमा बोर्ड सम्पर्क कार्यालयका दर्ता अधिकारी जोशीले बताउनुभयो ।

जिल्लाका १४ हजार ८८५ घरपरिवार बीमामा आबद्ध भएका छन् । ज्येष्ठ नागरिक तीन हजार ९२३, अति अशक्त अपाङ्गता ९८ र महिला स्वास्थ्य स्वंयसेविका ३०६ जनाको परिवार स्वास्थ्य बीमामा आबद्ध भएको स्वास्थ्य बीमा सम्पर्क कार्यालयका दर्ता अधिकारी जोशीको भनाइ छ ।

अति गरिब घरपरिवारका करिब १७ हजार ३१२ जनाले नवीकरण नगर्दा सद्ध्या बढेको तथ्याङ्क देखाउन छ । अति गरिब घरपरिवारको निःशुल्क बीमा नवीकरण गर्ने व्यवस्था सरकारले बन्द गरेपछि जिल्लामा नवीकरण नगर्नेको संख्या बढेको स्वास्थ्य बीमा बोर्ड कार्यालयका दर्ता अधिकारी जोशीले जानकारी दिनुभयो ।

सरकारले अपाङ्गता भएका, अशक्त, कुष्ठरोगी, एचआइभी सङ्क्रमित, ज्येष्ठ नागरिकलाई निःशुल्क बीमा गर्ने व्यवस्था गरेको छ । अन्यको हकमा शुल्क लिएर रु एक लाख बराबरको स्वास्थ्य बीमा गर्ने गरिएको स्वास्थ्य बीमा बोर्ड कार्यालयले जनाएको छ ।

बीमाको जथाभावी प्रयोगले अहिले स्वास्थ्य बीमा बोर्डको केन्द्रीय कार्यालयले सहभुक्तानीको व्यवस्थासमेत गरेको छ । बीमा कार्यक्रमलाई थप प्रभावकारी बनाउन प्रत्येक वडामा रहेका दर्ता सहयोगीलाई घरदैलोमा नै पठाएर नागरिकलाई बीमामा सहभागी गराउने अभियानमा रहेको स्वास्थ्य बीमा बोर्ड कार्यालयले जनाएको छ ।

नवीकरण घट्नुको मुख्य कारण सेवाको गुणस्तर तोकिएका अस्पतालमा औषधि सहज नपाइने र लामो लाइन बस्नुपर्ने बाध्यता, ढिलाइ र अस्पतालहरूले बीमित बिरामीको रकम भुक्तानी नपाएको गुनासो जस्ता कार्यले आम नागरिकलाई स्वास्थ्य बीमाप्रति जनविश्वास घटेको यहाँका स्थानीयवासी बताउँछन् । जिल्लामा विसं २०७४ सालदेखि स्वास्थ्य बीमाको सेवा विस्तार भएको हो । रासस

# विटुमिनको मूल्य बढ्दा एसियन राजमार्ग कालोपत्र ढिलासुस्ती



बेलबारी । सडक सञ्जालमार्फत एसियाली राष्ट्रलाई जोड्ने मुख्य उद्देश्यका साथ अगाडि बढाइएको 'एसियन हाइवे' अन्तर्गत काँकरभिट्टाबाट लौकही सडकखण्डमा विटुमिन (अलकत्रा) को अभाव भएपछि कालोपत्र गर्न ढिलासुस्ती भएको छ ।

विटुमिन अभाव साथै गुणस्तरिय नपाएको कारण कालोपत्र गर्न ढिलासुस्ती भएको आयोजनाअन्तर्गत पश्चिमखण्ड इटहरी कार्यालयका प्रमुख जगत प्रजापतिले बताउनुभयो । उहाँका अनुसार दुई महिना अघिसम्म प्रतिलिटर रु १०० देखि रु ११० सम्ममा पाइरहेको भारतीय विटुमिन अहिले रु १५० भन्दा बढी पर्न थालेको छ । नेपाल विटुमिन तथा ब्यारल उद्योगले भने विटुमिनको अभाव नभई मूल्य भने अप्रत्यासित रूपमा बढेको जनाएको छ ।

निर्माण सुरु भएको ३० महिना बितिसक्दा करिब ४० प्रतिशत काम सकिएको प्रमुख प्रजापतिले जानकारी दिनुभयो । उहाँका अनुसार विटुमिन अभाव भए पनि कङ्क्रिटसम्बन्धी काम धमाधम भइरहेका छन् । हाल ओभरपास, अण्डरपास, वेस, सववेस, नालालगायत संरचना निमार्ण तीव्र रूपमा भइरहेको उहाँले जानकारी दिनुभयो ।

प्रमुख प्रजापतिका अनुसार एसियन राजमार्ग नं २ अन्तर्गत काँकरभिट्टाबाट पश्चिम ९५ दशमलव ७६ किमी सडक मात्र ठेक्का लागेर काम भइरहेको छ । "पूर्वी र पश्चिम खण्ड गरी दुई भागमा विभाजन गरेर काम भइरहेको छ । निर्माण सामग्री उपलब्धतामा सहजता भएमा कामले तीव्रता पाउनेछ", उहाँले भन्नुभयो ।

एसियन हाइवे निर्माण सम्पन्न भएमा थाइल्याण्डको बैंककबाट सुरु भई म्यान्मार, बङ्गलादेश, भारत हुँदै नेपालको काँकडभिट्टाबाट पूर्व-पश्चिम राजमार्ग भएर भारतको दिल्ली हुँदै पाकिस्तानको कराँचीसम्म पुग्ने प्रमुख प्रजापतिले जानकारी दिनुभयो । रासस


## नेपाल रेडक्रस सोसाइटी
### महोत्तरी जिल्ला शाखा
### जलवायु अनुकूलन खडेरी व्यवस्थापन (CADM) परियोजना
## सिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०२/१० गते**

नेपाल रेडक्रस सोसाइटी महोत्तरी जिल्ला शाखाद्वारा सञ्चालित "जलवायु अनुकूलन खडेरी व्यवस्थापन ९ऋब्म्ः० परियोजना" अन्तर्गत जलेश्वर नगरपालिकाको वडा नं. ३ स्थित खैरा र वडा नं. ६ स्थित ठूलो धबौली टोलमा खानेपानीको सामाग्री बाहेक डिप बोरिङ जडान गर्ने सिलबन्दी बोलपत्रद्वारा सेवा खरिद तथा आपूर्ति गर्नुपर्ने भएकोले इच्छुक मूल्य अभिवृद्धि कर ९ख्ब्त० मा दर्ता भएका नेपाल सरकारको इजाजत प्राप्त आपूर्तिकर्ता, व्यवसायी तथा सप्लायर्सहरुबाट २०८३ साल जेठ २४ गतेसम्म निम्न शर्तहरुको अधिनमा रही रितपूर्वक बोलपत्र आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरू :**

१. अद्यावधिक गरेको इजाजत पत्र, आयकर दर्ता, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपीहरुको नोटरी प्रमाणित गराई निवेदन सहित नेपाल रेडक्रस सोसाइटी महोत्तरी जिल्ला शाखाको राष्ट्रिय वाणिज्य बैंक जलेश्वर शाखामा रहेको चल्ती हिसाब नम्बर १२७०१०००००६१२००१ मा रु. २,०००।- (पछि फिर्ता नहुने गरी) जम्मा गरेको भौचर वा नगद शाखामा तिरी कार्यालय समयभित्र विस्तृत विवरण सहितको बोलपत्र फाराम उपलब्ध गराइनेछ ।
२. खरिद भएका बोलपत्रहरु मिति २०८३ जेठ २४ गतेसम्म कार्यालय समय भित्र सिलबन्दी लाहाछाप गरी खाममा विवरण प्रष्ट खुलाइ नेपाल रेडक्रस सोसाइटी महोत्तरी जिल्ला शाखामा दर्ता गराइ सक्नुपर्नेछ ।
३. बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन सोही समय अनुसार हुनेछ ।
४. पेश भएका बोलपत्रहरु संकलन गरी बोलपत्रदाताहरु वा निजको प्रतिनिधीको उपस्थितीमा मिति २०८३ जेठ २५ गते दिउँसो २:०० बजे नेपाल रेडक्रस सोसाइटी महोत्तरी जिल्ला शाखामा खोलिनेछ । बोलपत्र खोल्दा बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि कुनै बाधा पर्नेछैन ।
५. बोलपत्रका साथमा कबोल गरेको रकमको २.५५ (साढे दुई) प्रतिशतका दरले हुन आउने धरौटी वापत (अर्नेष्ट मनी) को रकम नेपाल रेडक्रस सोसाइटी महोत्तरी जिल्ला शाखाको नाममा माथि बुँदा नं. १ मा उल्लेख गरिएका खाता नम्बरमा नगदै जम्मा गरेको बैंक भौचर अनिवार्य रुपमा समावेश भएको हुनुपर्नेछ । यदि सिलबन्दी बोलपत्र खोल्दा धरौटी रकम जम्मा नगरेको पाइएमा उक्त बोलपत्रलाई प्रक्रियामा समावेश गरिनेछैन ।
६. सिलबन्दी बोलपत्र स्वीकृत भएमा कबोल अंकको १० प्रतिशतले हुन आउने कार्यसम्पादन बापतको जमानत ९एभचायचकबलअभ द्ययलम० धरौटी रकम नेपाल रेडक्रस सोसाइटी महोत्तरी जिल्ला शाखाको माथि उल्लेखित खातामा जम्मा गर्नुपर्नेछ ।
७. कुनै शर्त राखिएको, म्याद नाघी आएको वा रित नपुगेको सिलबन्दी बोलपत्र उपर कुनै कारवाही गरिनेछैन ।
८. सिलबन्दी बोलपत्र फाराम स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार नेपाल रेडक्रस सोसाइटी महोत्तरी जिल्ला शाखामा सुरक्षित रहनेछ ।

**विस्तृत जानकारीको लागि फोन नं. ९८४५०९९८३२ र ९८१२३२९०२७ मा वा सोझै नेपाल रेडक्रस सोसाइटी महोत्तरी जिल्ला शाखाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।**

# निर्वाचनमा विदेशी हस्तक्षेप




**टुडे समाचारदाता**

जनकपुरधाम । पछिल्लो निर्वाचन सम्बन्धी जनता समाजवादी पार्टी (जसपा) नेपालको समीक्षा बैठक सम्पन्न भएको छ।

पार्टी अध्यक्ष उपेन्द्र यादवको अध्यक्षतामा शनिवार बसेको केन्द्रीय समितिको बैठकमा प्रतिनिधि सभा निर्वाचन २०८२ को समीक्षा सम्बन्धी छलफल भएको बैठकमा सहभागी एक नेताले जनाएको छ । फागुन २१ सम्पन्न चुनावमा जसपा नेपाल एक सीट पनि जित्न सकेको छैन भने समानुपातिक तर्फ समेत मत नपर्दा थ्रेसहोल्ड पनि कटाउन नसकिएकोमा छलफल भएको जनाइएको छ।

बैठकमा सहभागी नेताहरुले त्यसमा पार्टीको आन्तरिक कारण भन्दा पनि विदेशी भूमिका रहेको कुरा उठाएका छन् । विगगमा पार्टीले गरेको कमी कमजोरी एउटा कारण भएपनि विदेशी भूमिका समेत कुरा बैठकमा उठेको बैठकमा सहभागी एक नेताले बताए ।

केही केन्द्रीय सदस्यहरुले चुनावमा नेपाली सेनाको अनावश्यक हस्तक्षेप रहेको पनि कुरा बैठकमा राखेका थिए । बैठकमा निर्वाचनको समग्र समीक्षा, संगठन सुदृढीकरण, जनतासँगको सम्बन्ध विस्तार तथा आगामी रणनीतिबारे महत्वपूर्ण सुझावहरू प्रस्तुत गरिएको केन्द्रीय सदस्य शैलेन्द्र साहले बताए ।

पहिलो दिनको बैठकमा केन्द्रीय सदस्यहरु बिनोद सिंह, चन्देश्वर पासमान, मुकेश झा, बलविर नेपाली, अम्बिका काफ्ले, हेम्मा बेलवासे, निलम यादव, चमेली दास तत्मा, पिंकी यादव, शैलेन्द्र साह, उमेश यादव, निर्मला यादव, परमेश्वर साह, रेणु झा, अशेश्वर यादव, रेणु यादव, सबिता यादव, दिपक कार्की, लाक्पा शेर्पा, लिला सिटौला, सिता यादव, रेखा यादव, डा. सुरेन्द्र झा र तारा बिश्वकर्माले आ–आफ्नो धारणा राखेका थिए । बैठक आइतबार पनि बस्नेछ । आइतवारको बैठकबाट चुनावमा हारको कारण बारे निष्कर्ष निकालिनेछ ।

# अदालतको आदेश अवहेलना गरेको आरोप

**बैरियाका अभिभावकलाई स–साना बालबालिकालाई तीन किलोमीटर टाढा लक्ष्मीपुरमा पठाउन समस्या भएपछि अभिभावकहरुले उच्च अदालतमा रिट दायर गरे । न्यायधिशद्वय टेकराज कुँवर र राजुराम सिलवालको संयुक्त इजलासबाट२०८२ भदौ १७ गते विद्यालय गाभ्ने (मर्ज) गरिएको निर्णय मापदण्ड विपरित रहेको भन्दै त्यसलाई बदर गरी बैरिया प्रा.वि.लाई पूर्वरत अवस्थामा संचालन गर्न नदिन विपक्षीहरुको नाम परमादेश जारी गरेका थिए ।**

**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषाको मुखियापटी मुसहरनिया गाउँपालिकामा राजनीतिक प्रतिशोधको कारण गाउँपालिका अध्यक्ष जयकुमार यादवले एक विद्यालय नै खारेज गरी अर्कोमा विद्यालयमा गाभेर विद्यार्थी र शिक्षकहरुको भविष्यसँग खेलवाड गरिएको आरोप लगाइएको छ।

पछिल्लो निर्वाचनमा आफ्ना निकटतम प्रत्याशी रहेका सो विद्यालयका प्रधानाध्यापक नेपाली कांग्रेसका रामबाबु यादवका श्रीमति पूनम यादवले आफ्ले गरेको काज सरुवा नमानेपछि सो विद्यालय मापदण्ड विपरित खारेज गरी अर्को विद्यालयमा गाभिदिएका दिएका हुन् ।

राजनीतिक प्रतिशोध साध्न अध्यक्ष यादवले गरेको मापदण्ड विपरित आफू कार्यरत विद्यालयका शिक्षकहरुलाई सरुवा गरी अर्को विद्यालयमा मर्ज गरिदिएको प्रधानाध्यापक यादवले एक पत्रकार सम्मेलन गरी बताएकी छिन् । अध्यक्ष यादवले अदालतको आदेश समेत अव्हेलना गरेको देखिएको छ।




अध्यक्ष यादवले मापदण्ड विपरित गरेको कार्य बारे स्थानीयले गाउँपालिकाको कार्यालय र अध्यक्ष यादवसहित आधा दर्जनभन्दा बढी व्यक्तिविरुद्ध उच्च अदालत जनकपुरधाममा दायर गरेको रिटमा गतवर्ष भदौ महिनामै परमादेश गरेपनि आजसम्म कार्यान्वयन नगरी अध्यक्ष यादवले अव्हेलना गर्दै आएको हो । घटना अनुसार अध्यक्ष यादवको निर्देशनमा गाउँपालिका कार्यालयले वडा नम्बर ६ बैरियास्थित राष्ट्रिय प्राथमिक विद्यालयका प्रधानाध्यापक यादवलाई २०८१ साउन १३ गते प्रा.वि. मरनामा काज सरुवा गरियो। उनी मापदण्ड विपरित सरुवा गरिएको भनी नगएपछि ५ महिना नपुग्दै पुस महिनामा ३०७ जना विद्यार्थी अध्ययनरत रहेको बैरियाको सो प्राविलाई तीन किलोमीटर टाढामा रहेको राष्ट्रिय माध्यमिक विद्यालय लक्ष्मीपुरमा मर्ज गरेर विद्यार्थीहरु स्थान्तरण गरिदिए।

बैरियाका अभिभावकलाई स–साना बालबालिकालाई तीन किलोमीटर टाढा लक्ष्मीपुरमा पठाउन समस्या भएपछि अभिभावकहरुले उच्च अदालतमा रिट दायर गरे । न्यायधिशद्वय टेकराज कुँवर र राजुराम सिलवालको संयुक्त इजलासबाट२०८२ भदौ १७ गते विद्यालय गाभ्ने (मर्ज) गरिएको निर्णय मापदण्ड विपरित रहेको भन्दै त्यसलाई बदर गरी बैरिया प्रा.वि.लाई पूर्वरत अवस्थामा संचालन गर्न नदिन विपक्षीहरुको नाम परमादेश जारी गरेका थिए।

आदेशमा भनिएको छ–'शिक्षा नियमावली अनुसार १०० जनाभन्दा कम विद्यार्थी रहेको विद्यालय मात्र अर्को विद्यालयमा गाभ्न सक्ने प्रक्रिया रहेकोमा ३०७ जना विद्यार्थी हुँदाहुँदै कार्यपालिका बोर्डको बिना कुनै निर्णय बैरिया प्रा.वि. लाई लक्ष्मी मा.वि.मा मापदण्ड विपरित गाभिएको र इमिस लक गरी विद्यार्थीहरुलाई खाजा, पोशाक भत्ता सहित पाठ्यपुस्तकबाट वञ्चित गराउनु भनेको तिनीहरुको भविष्यसँग खेलवाड हो।'

अदालतको आदेश गाउँपालिकाको कार्यालय र अध्यक्षसहितका विपक्षीहरुले कार्यान्वयन नगरेको भनी रिट दायर निवेदनकर्ताहरुले आदेश अव्हेलनाको मुद्दा शुक्रवार दर्ता गराएका छन् ।

प्र.अ. यादव मात्र होइन उनीसँगै कार्यरत दुईजना स्थायी शिक्षक र चारजना बालविकास तथा राहत कोटामा कार्यरत शिक्षकहरुलाई समेत लक्ष्मीपुर माविमा सरुवा गरेका थिए । शिक्षक सरुवाको सम्बन्धमा सम्बन्धित व्यक्ति आफैले रिट दायर गर्न आदेशमा भनिएको छ।

अदालतको आदेश अव्हेलना गरिएको आरोप बारे अध्यक्ष यादवले आफू अदालतको आदेश अव्हेलना नगरेको दाबी गर्दै प्रधानाध्यापक नै मनपरी गर्न खोजेको आरोप लगाएका छन् ।

उनले भने शिक्षक सरुवा गर्ने अधिकार स्थानीय तहमा निहित भएकाले गाउँपालिकाले उनलाई सरुवा गरेपछि प्रधानध्यापक यादवले ती विद्यालयमा कब्जा गर्ने उद्देश्यले जान मानेको आरोप लगाए। विद्यालय गाभ्ने निर्णय बारे अध्यक्ष यादवले भने त्यहाँ पूर्वाधार संरचनाको आभाव भएकाले नयाँ निर्माण गर्न अर्को विद्यालयमा तत्कालका लागि गाभिएको हो, संरचना निर्माण भएपछि पूर्वरत अवस्थामा संचालन गरिने योजना रहेको तर प्र.अ.यादवले त्यहाँ राजनिती गर्न खोजेको आरोप लगाएका छन् ।

# वडाध्यक्ष फरार

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको राजगढ गाउँपालिका-२, का वडाध्यक्ष जितेन्द्रकुमार यादव कुटपिट घटनामा पक्राउ पुर्जी जारी भएपछि फरार भएका छन् । वडाध्यक्ष यादवसहित ५ जनाविरुद्ध गत सोमबार पक्राउ पुर्जी जारी भएको जनाइएको छ।



वडाध्यक्ष यादव मंगलबार वडा सदस्य सुमित्रादेवी खंगलाई निमित्त तोकेर सम्पर्कविहीन बनेका हुन्। वडासचिव रामकुमार यादवले ४ दिनअघि वडाध्यक्षले खंगलाई निमित्त वडाध्यक्षको जिम्मेवारी तोकेको पुष्टि गरेका छन्। जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी डम्बरबहादुर पुरीले ती मुद्दामा अनुसन्धान भइरहेको बताए।

गाउँपालिका अध्यक्ष ओमप्रकाश मण्डलले ३ दिनअघि भेट भएका वडाध्यक्ष यादवसँग त्यसपछि कुराकानी नभएको बताए । उनले भने, 'उहाँमाथि रहेको मुद्दाका विषय सामान्य जानकारी छ।'

घटना अनुसार २१ कार्तिक २०८१ मा सोही वडाको बनैनियाँस्थित सार्वजनिक जग्गामा वडाध्यक्ष यादवलगायतले घर बनाउन लाग्दा स्थानीय ललनकुमार सिंहलगायतले विरोध जनाएका थिए । आक्रोशित बनेका वडाध्यक्ष यादव, सोही ठाउँका शिवन खंग, टुनु खंग, पशुपति खंग र श्रीराम खंग मिलेर सिंहमाथि रड प्रहार गरेका थिए । कुटपिटबाट सिंहको हात भाँचिएको थियो।

उनले कुटपिट गरी अंगभंग पारेको कसूरमा २५ कार्तिकमा जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएका थिए । तर, प्रहरीले उनको जाहेरी लिन मानेनन्। सिंहले ९ माघ २०८१ मा जिल्ला सरकारी वकिल कार्यालयमार्फत प्रहरीमा जाहेरी पठाउँदासमेतप्रहरीलेसनाखतसहितका कानुनी प्रक्रिया पूरा गर्न अनाकानी गर्दै आएको थियो। ५ चैत २०८१ मा उच्च अदालत जनकपुर, राजविराज इजलास पुगेका सिंहले परमादेश रिट दायर गरेका थिए।

रिटमा सुनुवाइ हुँदा १४ जेठ २०८२ मा अदालतका न्यायाधीशद्वय पूर्णप्रसाद राजवंशी र कृष्णप्रसाद सुवेदीको संयुक्त इजलासले जिल्ला प्रहरी कार्यालयको नाममा न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) बमोजिम परमादेश जारी गरेको थियो।

# निर्माणाधीन धर्मशाला अलपत्र

**टुडे समाचारदाता**

राजविराज । करीब ७ वर्षदेखि सप्तरीको बोदेबरसाईन नगरपालिकामा निर्माणाधीन तीनवटा विवाह मण्डप तथा धर्मशाला निर्माणको काम ७ वर्षदेखि अलपत्र परेको छ।

आर्थिक वर्ष २०७५/०७६ मा मधेश प्रदेश सरकारले सशर्त अनुदान अन्तर्गत चार वटा विवाह मण्डप तथा धर्मशाला बनाउन बोदेबरसाईन नगरपालिकालाई एक करोड बजेट विनियोजन गरेको थियो । जसमध्ये वडा नम्बर २ स्थित दिनाराम दिनाभद्री मन्दिर परिसरमा रहेको धर्मशालाको निर्माणकार्य मात्रै सम्पन्न भएको छ। बाँकी तीनवटा विवाह मण्डल तथा धर्मशालाको निर्माण कार्य अधुरो अवस्थामै अलपत्र परेको हो।



बोदेबरसाईन नगरपालिका-१० स्थित खडकपुर हटिया फिल्डमा विवाहमण्डप र धर्मशाला निर्माणका लागि २५ लाख विनियोजन भएको थियो । त्यसमध्ये २१ लाख ६६ हजार ९०५ रूपैयाँ खर्च भएको भनिएको छ । तर, काम पूरा नहुँदा स्थानीयले विवाहमण्डप र धर्मशाला प्रयोग गर्न पाएका छैनन्।

यस्तै बोदेबरसाईन-३ गौरामा निर्माणाधीन विवाहमण्डप तथा धर्मशाला निर्माणका लागि पनि २५ लाख नै विनियोजन गरिएकामा त्यसमध्ये ५ लाख ७३ हजार ८८ रूपैयाँ खर्च गरेर बाँकी काम अलपत्र पारिएको छ।

त्यस्तै बोदेबरसाईन-७ सुगापोखरीमा पनि विवाहमण्डप र धर्मशालाका लागि अर्को २५ लाख विनियोजन गरिएको थियो। जसमा १५ लाख ७९ हजार २९७ रुपैयाँ खर्चिएर निर्माण कार्य अधुरो छाडिएको छ । यी सबै योजना उपभोक्ता समितिमार्फत कार्यान्वयन गरिएको थियो। तर, ७ वर्ष बितिसक्दा पनि निर्माण नभई अलपत्र अवस्थाले स्थानीय चिन्तित भएका छन्।

# सामाजिक सुरक्षामा अझै विभेद

**टुडे समाचारदाता**

जनकपुरधाम । स्वास्थ्य र सार्वजनिक सेवासहित सामाजिक सुरक्षामा अझै विभेद तथा पहुँचको समस्या अपांगता भएका महिला तथा बालबालिकाले भोगिरहेको भन्दै सरोकारवाला संघसंस्थाहरुले स्थानीय तहलाई जिम्मेवार बन्न आग्रह गरेका छन्।



अपांगता भएका महिलाहरूको महासंघ (एफडब्लूडीएन) द्वारा जनकपुरधाममा आयोजित स्थानीय जनप्रतिनिधिसँगको समन्वय बैठकमा जनप्रतिनिधि, अधिकारकर्मी तथा अपाङ्गता क्षेत्रमा कार्यरत व्यक्तिहरूले स्वास्थ्य, सेवा पहुँच, संरचना तथा बजेट कार्यान्वयनसँग सम्बन्धित विविध समस्या बारे आवाज उठाएका छन्।

जनकपुरधाम उपमहानगरपालिकाका उपमेयर किशोरी साहले अपांगता भएका व्यक्तिको स्वास्थ्य, सेवा सुविधा तथा समन्वयको विषयमा स्थानीय तहले काम गरिरहेको उल्लेख गर्दै अझै चुनौती बाँकी रहेको स्वीकार गरे । उनले जनाए अनुसार हालसम्म जनकपुरधाममा ७०२ जनालाई अपांगता परिचयपत्र वितरण गरिएको छ।

उनले विगतमा अपांगमैत्री भवन निर्माणको प्रभावकारी अभ्यास नभएको र केही योजनाहरू विभिन्न आन्दोलन तथा प्रक्रियागत जटिलताका कारण प्रभावित भएको बताए । वडा र उपमहानगरपालिकाबीच आवश्यक समन्वय अभाव अझै देखिएको भन्दै उनले आगामी दिनमा त्यसलाई सुधार गरिने प्रतिबद्धता व्यक्त गरेका छन्।

बैठकमा अपांग महिला कल्याणकारी संघकी अध्यक्ष ममता भट्टले स्वास्थ्य संस्थामा अपाङ्गमैत्री सेवा अभाव रहेको गम्भीर समस्या औँल्याइन् । उनले अस्पतालमा अपाङ्गमैत्री स्ट्रेचर नहुँदा अपाङ्गता भएका महिलालाई उपचारमा कठिनाइ हुने गरेको बताइन्।

भट्टले अस्पताल तथा सरकारी कार्यालयमा अपाङ्गता भएका व्यक्तिका लागि छुट्टै लाइनको व्यवस्था प्रभावकारी रूपमा लागू नभएको पनि गुनासो गरिन् । उनले अपांष्ता भएका महिलाका लागि स्वास्थ्य सामग्री, सेनेटरी प्याडलगायत आधारभूत आवश्यकतामा समेत स्थानीय सरकारले ध्यान दिनुपर्ने आवश्यकता औँल्याइन्।

वडा नम्बर ३ का वडा अध्यक्ष दिपेन्द्र साहले अपांगता भएका व्यक्तिसम्म सेवा-सुविधा वडा तहबाट समेत प्रभावकारी रूपमा पुग्न नसकेको स्वीकार गरे। उनले धेरै अपाङ्गता भएका व्यक्ति बिरामी पर्दा परिवारकै सदस्यबाट उचित हेरचाह नपाउने र वर्गीकरण प्रक्रियामा पहुँच र प्रभावको दुरुपयोग भइरहेको आरोप लगाए।

अधिकारकर्मी मुनि दासले अपांगता भएका महिलालाई नाममात्रको जिम्मेवारी दिने प्रवृत्तिको आलोचना गर्दै बजेट दुरुपयोग भइरहेको आरोप लगाइन्। उनले भनिन् 'अपाङ्गता भएका व्यक्तिको नाममा आउने बजेट गोष्ठी र कार्यक्रममा खर्च भइरहेको छ, प्रत्यक्ष लाभ हुने कार्यक्रममा लगानी हुनुपर्छ।'

# स्वास्थ्य स्क्रिनिङ तथा रोकथाम शिविर

**टुडे समाचारदाता**

मिर्चैया । सिरहाको मिर्चैया नगरपालिकाले महिलामा बढ्दो जटिल स्वास्थ्य समस्यालाई लक्षित गर्दै सञ्चालन गरेको एकीकृत स्वास्थ्य स्क्रिनिङ तथा रोकथाम शिविरमा ४ सयभन्दा बढी महिलाले सहभागिता जनाएको छ।



३० देखि ६० वर्ष उमेर समूहका महिलालाई लक्षित गरी आयोजना गरिएको शिविरमा स्तन क्यान्सर, पाठेघरको मुखको क्यान्सर, आङ खस्ने समस्या, प्रसूति फिस्टुला तथा बाझोपनसम्बन्धी निःशुल्क परीक्षण, परामर्श र स्क्रिनिङ सेवा प्रदान गरिएको नगरपालिकाले जनाएको छ।

मिर्चैया अस्पताल परिसरमा आयोजित शिविरमा बिहानैदेखि महिलाहरूको बाक्लो उपस्थिति देखिएको थियो। धेरै महिलाले पहिलो पटक आफ्नै नगरमा विशेषज्ञ स्वास्थ्य सेवा सहज रूपमा प्राप्त गरेको भन्दै खुसी व्यक्त गरेका थिए।

नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख राजन कुमार साहले महिलामा लुकेर रहेका रोग समयमै पहिचान गरी उपचारको पहुँच विस्तार गर्ने उद्देश्यले शिविर सञ्चालन गरिएको बताए। उनले महिलाहरू स्वास्थ्यप्रति पहिलेभन्दा सचेत बन्दै गएको र शिविरप्रति उत्साहजनक सहभागिता देखिनु सकारात्मक संकेत भएको उल्लेख गरे।

'गम्भीर रोगलाई प्रारम्भिक अवस्थामै पहिचान गर्न सके उपचार प्रक्रिया सहज र प्रभावकारी हुन्छ,' उनले भने, 'त्यसैले महिलाको स्वास्थ्य सुरक्षाका लागि यस्ता शिविर आवश्यक छन्।'

शिविरमा विशेषज्ञ चिकित्सक र स्वास्थ्यकर्मीको टोलीले स्वास्थ्य परीक्षण गर्दा धेरै महिलामा प्रारम्भिक अवस्थामै विभिन्न समस्या पहिचान भएको जनाएको छ । सहभागी महिलाहरूले गाउँ नगरमै विशेषज्ञ सेवा उपलब्ध हुँदा उपचारका लागि टाढा धाउनुपर्ने बाध्यता कम भएको प्रतिक्रिया दिएका छन्।

# तीन सडकको ठेक्कार रद्द

**टुडे समाचारदाता**

राजविराज । सप्तरीका तीनवटा सडकको ठेक्का सडक डिभिजन कार्यालय, लहानले रद्द गरेको छ । राजविराज-छिन्नमस्ता, राजविराज-रूपनी र राजविराज-हनुमाननगर-भारदह सडक निर्माणको ठेक्का लिएका ठेकेदारसँगको सम्झौता रद्द गरिएको जनाइएको छ।



ठेकेदारहरूले सम्झौता अनुसार समयमा काम नगरेको तथा पटक-पटक ताकेता गर्दा पनि अटेरी र लापरबाही गर्दै आएको भन्दै भौतिक पूर्वाधार मन्त्रालयले सूचना जारी गरी ठेक्का सम्झौता अन्त्य गरिएको बताइएको छ।

उक्त सडकहरूको स्तरोन्नति तथा नाला निर्माणका लागि साह इन्जिनियरिङ कन्स्ट्रक्सन प्रालि, शम्भुनाथले ठेक्का लिएको थियो। तीनवटै सडकमा ठेकेदारले समयमा निर्माण कार्य सम्पन्न नगर्दा स्थानीयले सास्ती व्यहोर्नुपरेको थियो । त्यसका विरोधमा स्थानीयले पटक-पटक सडक अवरुद्ध गर्दै चक्काजामसमेत गरेका छन्।

ठेक्का सम्झौतामा उल्लेखित प्रावधान तथा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधनसहित) को दफा ५९ (२) को खण्ड (क), दफा ५९ (७) र दफा ५९ (८) अनुसार डिभिजन कार्यालयको मिति २०८३-०२-०७ को निर्णयअनुसार ठेक्का अन्त्य गरिएको हो।

तीनवटै ठेक्का रद्द भएपछि निर्माण कार्य तत्कालका लागि अलपत्र परे पनि ठेक्का लिएर ढिलासुस्ती गर्ने तथा काम नगर्ने ठेकेदारहरू अब सचेत भई सम्झौताअनुसार समयमा काम गर्ने विश्वास लिएको राजविराज नगरपालिकाका पूर्वनगरप्रमुख शैलेश चौधरीले बताएका छन् । उनले अधुरो सडक निर्माणको प्रक्रिया चाँडो सुरु गर्न सम्बन्धित निकायसँग आग्रह गरेका छन्।

**स्वस्थ वातावरण, स्वस्थ जीवनको आधार**

- स्वच्छ र हरित वातावरण निर्माणमा सबैले योगदान दिऔं,
- प्लाष्टिकजन्य पदार्थको प्रयोग घटाऔं र पुनःप्रयोगलाई प्राथमिकता दिऔं,
- वृक्षारोपण गरौं र वन संरक्षणमा सक्रिय बनौं,
- प्रदुषण घटाउन सबै मिलेर सहकार्य गरौं,
- फोहोर व्यवस्थापन र सरसफाइमा ध्यान दिऔं,
- नवीकरणीय उर्जाको प्रयोग बढाऔं,
- जैविक विविधताको संरक्षण गरौं ।

हरित पृथ्वी, सुरक्षित भविष्य।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८